सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

३ कात्तिक २०८१, शनिबार (19 Oct 2024, Saturday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १८ ■ अंक १८५ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

सहकारीमा प्रत्यक्ष नजोडिएका रवि समातिए, जोडिएका कांग्रेस उपसभापति गुरुङ र लेखा समिति सभापति पोखरेलपत्नी अनुसन्धानबाहिरै

काठमाडौंमा **केशवप्रसाद पाण्डे**
पोखरामा **रोहितराज पराजुली**

सहकारीमा प्रत्यक्ष नजोडिएका राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति एवं पूर्वगृहमन्त्री रवि लामिछानेलाई प्रहरीले समातेको छ। तर, प्रत्यक्ष मुछिएका कांग्रेस उपसभापति धनराज गुरुङ र एमाले नेता तथा सार्वजनिक लेखा समितिका सभापति ऋषिकेश पोखरेलकी पत्नी अञ्जलालाई अनुसन्धानको दायरामा समेत ल्याएको छैन। सरकारको प्रभावमा राज्यसंयन्त्र उल्टै उनीहरूको संरक्षणमा लागेको छ।

जिल्ला अदालत कास्कीले शुक्रबार पक्राउ पुर्जी जारी गरेपछि प्रहरीले लामिछानेलाई वनस्थलीस्थित रास्वपा केन्द्रीय कार्यालयबाट नियन्त्रणमा लिएर बेलुका नै सडकमार्गबाट पोखरा पुऱ्याएको छ। उनीमाथि सहकारी ठगी तथा संगठित अपराधसम्बन्धी मुद्दामा अनुसन्धान हुने प्रहरीले जनाएको छ। सूर्यदर्शन सहकारीबाट गोर्खा मिडियामा कर्जा प्रवाह भएको र उक्त मिडियाको सञ्चालक छँदा लामिछानेले सो रकम परिचालन गरेको आधारमा उनलाई पक्राउ गरिएको हो।

एमाले सांसद सूर्य थापा नेतृत्वको सहकारी संस्था बचत रकम दुरुपयोगसम्बन्धी संसदीय छानबिन विशेष समितिले सहकारी ठगीमा प्रत्यक्ष नजोडिएको, तर गोर्खा मिडियामा आएको रकम परिचालनमा रवि जिम्मेवार हुनुपर्ने निष्कर्ष निकालेको थियो। तर, सोही समितिले सहकारी ठगीमा प्रत्यक्ष जोडिएको भन्दै अनुसन्धान गरी कारबाही गर्न निर्देशन दिएका कांग्रेस उपसभापतिसमेत रहेका सांसद धनराज गुरुङले भने अहिलेसम्म उन्मुक्ति पाउँदै आएका छन्। ललितपुरस्थित मितेरी सहकारीको रकम

» पृष्ठ २ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.



वनस्थलीस्थित रास्वपा पार्टी कार्यालयमा सभापति रवि लामिछानेलाई पक्राउ गरेर पोखरा लैजाँदै प्रहरी। तस्बिर : **सतिश पोखरेल**

● **कार्यकर्तालाई रविको सम्बोधन–** जुन दिन सरकार ढाल्ने निर्णय भएको थियो, त्यसै दिन रविलाई जसरी पनि जेलमा कोच्छौं भन्ने सम्झौता उहाँहरू (कांग्रेस-एमाले)ले गर्नुभएको सूचना मसँग छ। मैले कुनै पनि अपराध गरेको छैन। तर, राज्यले सम्पूर्ण स्रोत र शक्ति लगाएको छ। न्यायिक जाँच दिन र अदालती प्रक्रियालाई सम्मान गर्छु, आशा र विश्वास गर्छु। भन्न त अदालत मिलाएर तँलाई कहाँ छाडौंला, चुनावै लड्न नसक्ने नबनाई र तेरो पार्टी नै नफुटाई कहाँ छाडौंला भन्ने प्रतिशोधका साथ पनि लागेका छन्। तर, राजनीतिक पूर्वाग्रहविरुद्ध खुलेर लड्न अपिल गर्दछु। राज्यको यो दादागिरीलाई डटेर सामना गर्न साथ दिनुहोला।

■ पक्राउ पर्नुअघि प्रधानमन्त्री ओलीलाई रविका प्रश्न

तपाईंको हातमा तस्करले दिएको करोड पर्ने घडी, मेरो हातमा चाहिँ हतकडी ?
तपाईं बिचौलियाको सेवा गरेबापत लाखौंको चस्मा र जुत्ता लगाउने, मुद्दा मैले खेपिदिनुपर्ने ?
तपाईं प्रमाणित भ्रष्टाचारीबाट करोडौंको जग्गा खुलमखुला लिने, मैले ठगीको आरोप खेपिदिनुपर्ने ?
तिमीहरू राज्यका भएभरको शक्ति लगाएर अनुसन्धान गर्दा पनि केही भेट्दैनौ अनि तिम्रो एउटा नेताको राजनीति जोगाउन र तिम्रो दुईतिहाइको सरकार जोगाइदिन म बलि चढ्नुपर्ने ?
तिमी र तिम्रा नेता मिलेर सहकारीबाट ८७ अर्ब अपचलन गर्ने, मैले सहकारी ठग भइदिनुपर्ने ?

ओलीजी, भ्रष्टाचारी समाउन मैले प्रधानमन्त्रीको अफर लत्याएँ, तिनै भ्रष्टाचारी जोगाउन तपाईंले त्यही अफर रातारात बिचौलियालाई साक्षी राखेर लिनुभो। वाचास्वरूप तपाईंले मेरो बलि चढाउने सम्झौता त्यसै रात गर्नुभएको थियो। यो मलाई राम्रोसँग थाहा छ। तपाईंको मन्त्रिमण्डल त्यसको साक्षात् प्रमाण हो। तपाईंहरूका दलका नेता-कार्यकर्ता प्रमाणित सहाकारी ठग हुन्। कोही जेलमा छन्, कोही फरार छन्। तपाईंहरू तिनलाई जोगाउन लागिपर्नुभएको छ। अब तपाईंहरूबाट पीडितले न्याय पाउँदैनन्। त्यसैले अब सहकारीपीडितको आवाजको नेतृत्व हामी गर्छौं। ठिक छ, म तपाईंहरूको दिनगन्ती सुरु भएको खुसियालीमा कानुनलाई पूरै सघाउने प्रतिबद्धता व्यक्त गर्दछु। नयाँ पुस्तालाई एक-एक गर्दै सकाउँदै जाने तिमीहरूको कुनियतले तिमीहरूलाई रसातलमा पुऱ्याएको यो देशले चाँडै देख्नेछ। सुरुवात तिमीहरूले गऱ्यौ, अन्त्य हामी गर्नेछौं, नेपाली जनताले गर्नेछन्, छिट्टै गर्नेछन्।

■ ४० सहकारीबाट ८८ अर्ब अपचलन भएको संसदीय छानबिन समितिको ठहर, तर अन्य सहकारीमाथिको छानबिन अलपत्र

■ नियोजित पक्राउ गरिएको रास्वपाको दाबी-

गिरीबन्धु, भुटानी शरणार्थी काण्ड, वाइडबडी, टेरामक्सजस्तो अर्बौंको घोटालामा आपसी समझदारीमा एक-अर्कालाई बचाउँदै लुट्दै आएका दलहरूले नयाँ राजनीतिक अभियानप्रति आक्रमण गरेका हुन्।

■ जनमतका अध्यक्ष सिके राउतले भने-



रविजीको अहिलेको पक्राउलाई म प्रतिशोध र निषेधको राजनीतिको अलावा केही भन्न सक्दिनँ। यो सुनौलो भविष्य बोकेको कोपिलालाई निमोठिएको हो, भावी पुस्ताको स्वर्णिम भविष्यलाई भ्रूणमा नै हत्या गर्न खोजिएको हो। यो पक्राउ राज्यद्वारा 'फ्रेमिङ' गरिएको हो।

■ विपक्षी दलहरूको बैठकमा दिउँसै भएको थियो छलफल

सहकारी ठगी प्रकरणमा छानबिनका लागि सघाउन तयार रहे पनि राज्यले रविमाथि धरपकड गर्दै छ, सत्ताबाहिर रहेका र सानो दलहरूलाई फुटाउन अध्यादेश ल्याउने तयारी सरकारले गरिरहेको छ, त्यसको सामूहिक प्रतिवाद गर्नुपर्छ

■ गुरुङ र पोखरेलपत्नीविरुद्ध कहिले हुन्छ पक्राउ पुर्जी जारी ?



धनराज गुरुङ र उनकी पत्नी ज्योति



ऋषिकेश पोखरेल र उनकी पत्नी अञ्जला

● ललितपुरस्थित मितेरी सहकारीको झन्डै १५ करोड हिनामिनामा सत्तारूढ कांग्रेसका उपसभापति धनराज गुरुङ प्रत्यक्ष जोडिएका छन्। संसदीय छानबिन समितिले पनि दोषी ठहर गरेर कारबाही सिफारिस गरेको छ। तर, सरकारको प्रभावमा राज्यसंयन्त्रहरूले नै उनलाई संरक्षण गरिरहेका छन्।

● मोरङको उमागौरी कृषि सहकारीको १४ करोड ५६ लाख हिनामिनामा मुछिएकी एमाले सांसद तथा सार्वजनिक लेखा समितिका सभापति ऋषिकेश पोखरेलकी पत्नी अञ्जला कोइरालालाई पनि सरकारकै प्रभावमा उन्मुक्ति दिने गरी फाइल अगाडि बढाइएको छ। कोशी प्रदेश सहकारी रजिस्ट्रारको कार्यालयले अञ्जलाको नाम काटेर प्रहरीलाई अनुसन्धानका लागि पत्राचार गरेको छ, जब कि उनी ६ वर्ष सहकारीको सञ्चालक थिइन्। त्यस अवधिसहितको १० वर्षका कागजपत्र नै गायब पारिएका छन्।

टेकराज थामी/नयाँ पत्रिका

ललितपुरस्थित मितेरी सहकारीको झन्डै १५ करोड हिनामिना प्रकरणमा प्रत्यक्ष जोडिएका सत्तारूढ कांग्रेसका उपसभापति धनराज गुरुङ राजनीतिक पहुँचले जोगिँदै आएका छन्। सूर्य थापा नेतृत्वको सहकारी संस्था बचत रकम दुरुपयोगसम्बन्धी संसदीय छानबिन विशेष समितिले पनि उनलाई दोषी ठहर गर्दै कानुनी कारबाहीका लागि सिफारिस गरेको थियो। तर, अहिलेसम्म प्रहरीले उनलाई पक्राउ गरेको छैन। कांग्रेसकै गृहमन्त्री भएकाले राज्यसंयन्त्र उल्टै धनराजको संरक्षणमा लागेको छ।

■ कानुनमन्त्री हुँदा धनराजले एकैपटक सहकारीको ८४ लाख कहाँबाट तिरे ? छानबिन हुन्छ कि हुँदैन ?

सहकारीको रकम हिनामिनाको अपराधबाट जोगिन धनराजले पत्नी ज्योति गुरुङसँग 'कागजी सम्बन्धविच्छेद' गरेर अर्को अपराध पनि गरेका थिए। जुन पुष्टि भइसकेको छ। २९ फागुन ०७६ मै सम्बन्धविच्छेद गरेको सार्वजनिक रूपमा स्पष्टीकरण दिँदै आएका उनले ३ फागुन ०७७ मा मितेरी सहकारीबाटै थप १२

» पृष्ठ २ मा क्रमशः

■ विपत् व्यवस्थापन राष्ट्रिय परिषद्को निर्णय

कात्तिकभित्र बाढीपहिरोपीडितका अस्थायी आवास निर्माण गरिसक्ने

यम बम/नयाँ पत्रिका

सरकारले कात्तिकभित्र बाढीपहिरोपीडितका अस्थायी आवास निर्माण गरिसक्ने निर्णय गरेको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा शुक्रबार बसेको विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को १४औं बैठकले अस्थायी आवास निर्माण, पुनर्स्थापना र पुनर्निर्माणको काम समयसीमा तोकेर गर्ने निर्णय गरेको हो।

विपत् जोखिम व्यवस्थापन प्राधिकरणका सहसचिव वसन्त अधिकारीका अनुसार अत्यावश्यक सेवा १५ दिनभित्र सञ्चालन गरिनेछ भने कात्तिक मसान्तभित्र अस्थायी आवास निर्माण गरिसक्नुपर्ने निर्णय भएको छ। राष्ट्रिय परिषद्को निर्णयसँगै अब सरकारले अस्थायी आवास निर्माणका लागि जिल्लास्थित विपत् व्यवस्थापन कोषमा रकम पठाउनेछ। पालिकाले छनोट गरेका लाभग्राहीको सूचीका आधारमा रकम निकासा हुनेछ। अस्थायी आवासका लागि प्रतिपरिवार दुई चरणमा ५० हजार रुपैयाँ दिइनेछ।

प्राधिकरणका अनुसार मध्य असोजको बाढीपहिरोमा २०

» पृष्ठ २ मा क्रमशः



७१ पालिकालाई ४३ करोड राहत निकासा गर्ने निर्णय

विपत् संकटग्रस्त घोषित २० जिल्लाका ७१ पालिकालाई ५० लाखदेखि एक करोडसम्म राहत रकम उपलब्ध गराउने विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको निर्णय अनुमोदन भएको छ। राष्ट्रिय परिषद्का अध्यक्षसमेत रहेका प्रधानमन्त्री केपी ओलीको अध्यक्षतामा बसेको बैठकले कार्यकारी समितिको सिफारिस अनुमोदन गरेसँगै अब विपत् प्राधिकरणमार्फत पालिकालाई रकम निकासा हुनेछ। विपत् संकटग्रस्त ७१ मध्ये नौ पालिकाले एक करोड, १२ ले ७५ लाख र ५० ले ५० लाखका दरले राहत पाउनेछन्। संघ सरकारको विपत् व्यवस्थापन कोषबाट निकासा हुने यो रकमै जिल्ला विपत् व्यवस्थापन समितिमार्फत स्थानीय तहमा जानेछ।

■ रुख भएको ठाउँ छाडेर कालोपत्रे



तस्बिर : **चिरञ्जीवी घिमिरे**/नयाँ पत्रिका

मदन भण्डारी राजमार्गअन्तर्गत झापाको दमक- ३ मा बिचसडकमा रुख परेपछि २० मिटर छाडेर गरिएको कालोपत्रे। मदन भण्डारी राजमार्गमा पर्ने १३ हजार रुख नहटेकै कारण ठेक्काको म्याद सकिँदा पनि सडक बन्न सकेको छैन।

बाढीले उराठलाग्दो बनाएको नक्खु क्षेत्र

दुई साताअघिको बाढीका कारण डुबानमा परेको नक्खु करिडोर क्षेत्रमा अझै भग्नावशेष र फोहोर पन्छाएर सकिएको छैन

स्थलगत रिपोर्ट

नक्खु क्षेत्रमा **शिवहरि घिमिरे**
तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

ललितपुरको नक्खु करिडोरमा आठ वर्षदेखि छाप्रोमा बस्दै आइरहेका सोमबहादुर गुरुङलाई अझै बाढीले तहसनहस पारेको छाप्रो मर्मत र सफा गर्दा ठिक्क छ। १२ असोजमा आएको बाढीले नक्खु क्षेत्रलाई तहसनहस नै पाऱ्यो। सोमबहादुरको छाप्रोभित्र बाढीको भेल पस्यो। दिउँसोको समय भएकाले उनको पाँचजनाको परिवार भागेर बाँच्न सफल भयो। माथिदेखि जमिन सोहोर्दै आइरहेको बाढीले उनको छाप्राभित्र भएका सबै सामग्री पुऱ्यो। दुई सातासम्म सफाइ गर्दा पनि उनले छाप्रोलाई पुरानै अवस्थामा ल्याउन सकेका छैनन्।

'गाउँ छाडेर हिँडेको धेरै वर्ष भयो, हामी पाँचजना आठ वर्षदेखि यही छाप्रोमा बस्दै आइरहेका छौं, तर यसपटक बाढीले उठीवास बनायो, तैपनि सफा गरेर बस्नलायक बनाउने प्रयास भइरहेको छ,' उनले भने, 'यो छाप्रो बनाएको जग्गाको भाडा पनि वार्षिक १५ हजार तिर्छु, तर यसपटक बाढीले भएभरको सामान

» पृष्ठ २ मा क्रमशः



बाढीका कारण डुबानमा परेको नक्खु आदर्शपथका बस्ती

■ खानेपानीको चरम संकट भोग्दै बाढीपीडित

इनार, धारा, कुवा र मूल-मुहानसमेत बाढीले तहसनहस पारेका कारण स्थानीयवासीले खानेपानीको चरम संकट बेहोरेका छन्। नक्खु, लेले-टीकाभैरव, बागमती करिडोर, हात्तीवनलगायत क्षेत्रका बासिन्दाले प्रयोग गर्ने इनार बाढीले पुरेको छ। खानेपानीको पाइपसमेत बगाएको छ। बाढीका कारण खानेपानीको अभाव बढेको र टाढाबाट पानी ल्याएर निर्वाह चलाउनुपरेको नक्खु करिडोरका स्थानीय रमेश बस्नेतले बताए। 'भएको इनार पुरियो, खानेपानीको पाइप थियो त्यो पनि पुरियो, ट्यांकर ल्याउनलाई बाटो नै बाढीले पुरेको छ,' उनले भने, 'टाढाबाट पानी बोकेर गुजारा चलाउनुपरेको छ।' टीकाभैरव क्षेत्रमा पनि बाढीपछि खानेपानीको हाहाकार देखिएको छ। पुराना मूलहरू बाढीले बगाएको छ भने धाराको बाँध पनि बाढीले बगाएपछि स्थानीयवासीलाई खानेपानीको समस्या भएको छ। टीकाभैरवकी श्रीया खड्काले बाढीपछि खानेपानीको समस्या भएको सुनाइन्। उनले घरदेखि करिब आधा घण्टा टाढाबाट पानी बोकेर ल्याउनुपरेको बताउँदै पुरानो इनार र धारा बाढीले पुरेको बताइन्।

बाढीपछि खानेपानीको समस्या भइरहेको चापागाउँ, टीकाभैरव क्षेत्र अवलोकन गर्न मंगलबार खानेपानीमन्त्री प्रदीप यादव पुगेका थिए। नल्लु, बासुकी र देवकी क्षेत्रमा रहेको मुहानमा बाढीले क्षति पुऱ्याएपछि पानीको अभाव भएको हो। मुहान अवलोकन गर्न पुगेका खानेपानीमन्त्री यादवले काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयुकेएल) र खानेपानी तथा ढल व्यवस्थापन विभागलाई बाढीपहिरो प्रभावित क्षेत्रमा खानेपानी वितरणमा ध्यान दिन निर्देशन दिएका थिए।

झन् नयाँ

अटिजमसँग जुध्दै अभिभावक



मोबाइलले अटिजमको अवस्थालाई थप बिगार्न सक्छ। त्यसैले बच्चालाई समूहमा खेल्ने वातावरण अभिभावकले बनाउनुपर्छ।

तपाईंको प्राथमिकता स्क्रिप्ट कि पैसा ?

निर्माता **रवीन्द्रसिंह बानियाँ**को प्रश्न
निर्देशक **प्रदीप भट्टराई**को उत्तर



आगामी अमेरिकी राष्ट्रपतिबाट के चाहन्छ चीन ?



चीनले ताइवानमा आक्रमण गऱ्यो भने ट्रम्प ताइवानको सहायतामा आउलान् ?

सरकारविरुद्ध प्रतिपक्षीको मोर्चाबन्दी, संयन्त्रमार्फत दबाबको रणनीति

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

प्रतिपक्षी दलहरूले सरकारविरुद्ध मोर्चाबन्दी सुरु गरेका छन्। शुक्रबार नयाँ बानेश्वरमा बसेको प्रतिपक्षी दल माओवादी, रास्वपा, एकीकृत समाजवादी, राप्रपा र आम जनतासहित प्रतिपक्षी दलको संयुक्त बैठकले एमाले अध्यक्ष केपी ओली नेतृत्वको सरकारमाथि खबरदारी गर्न तीन सदस्यीय संयन्त्र बनाएको छ। माओवादीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले बोलाएको बैठकले सरकारले प्रभावकारी काम गर्न नसकेको निष्कर्षसहित चरणबद्ध दबाबका कार्यक्रम अघि बढाउन साँतबुँदे निर्णयसहित संयन्त्र गठन गरेको हो।

संयन्त्रमा एकीकृत समाजवादीका वरिष्ठ उपाध्यक्ष राजेन्द्र पाण्डे, माओवादी उपमहासचिव शक्ति बस्नेत र रास्वपा सांसद शिशिर खनाल सदस्य छन्। माओवादी उपमहासचिव बस्नेतले बाढीपहिरोमा सरकारले उचित कदम चाल्न नसकेको र आगामी दिनमा पनि सरकारलाई खबरदारी गर्ने गरी संयन्त्र बनाइएको बताए। 'विपत्को पूर्वतयारी, खोज, उद्धारदेखि उपचार, पुनर्स्थापनामा सरकारले गम्भीरताका साथ काम नगरेको विषयमा छलफल भयो,' बस्नेतले भने, 'प्रतिपक्षीका तर्फबाट तत्काल सरकारको गम्भीर ध्यानाकर्षण गराउन ज्ञापनपत्र पेस गर्ने समझदारी भएको छ। जनसरोकार सम्बोधन गर्न सरकार सकारात्मक भएन भने संसद्को विशेष अधिवेशन आह्वान गर्ने परिस्थिति पनि आउन सक्ने विषयमा पनि छलफल भएको छ।' एकीकृत समाजवादीका वरिष्ठ उपाध्यक्ष पाण्डेका अनुसार दुई-तीन दिनभित्र सरकारलाई ज्ञापनपत्र बुझाइनेछ। यसका लागि प्रधानमन्त्री, सभामुख र राष्ट्रपतिलाई समेत ध्यानाकर्षण गरिने उनले बताए।

बैठकमा माओवादी अध्यक्ष प्रचण्डले माओवादी, रास्वपा र एकीकृत समाजवादी फुटाउने गरी अध्यादेश आउने खतरा रहेको ब्रिफिङ गरेका थिए। बैठकले अध्यादेश ल्याएर साना पार्टीलाई कमजोर बनाउन, टुक्र्याउन खोजिएको भन्दै अध्यादेश ल्याए प्रतिवादको तयारीमा जुट्ने निर्णय गरेको छ। 'अध्यादेश ल्याएर साना पार्टीलाई कमजोर बनाउन, टुक्र्याउन खोजिँदै छ। यो प्रयासको विरोध गर्ने र अध्यादेश ल्याए प्रतिवाद गर्ने,' निर्णयमा भनिएको छ।

एकीकृत समाजवादीका वरिष्ठ उपाध्यक्ष राजेन्द्र पाण्डेले अध्यादेश ल्याइए प्रतिवाद गर्नेबारे छलफल भएको बताए।'ओलीजीले वेलावेला दुईवटा पार्टी मात्र रहनुपर्छ बोलेको पनि सुनिन्छ। ६०१ जनाले संविधान जारी गर्दा दुई पार्टी सिस्टमको राज्य व्यवस्था बनाउन खोजेका थिएनौँ। त्यत्रो जनताको म्यान्डेटबाट बनेको संविधानको विरुद्धमा बर्खिलाप गर्ने गरी अध्यादेश ल्याएर साना पार्टीहरूलाई कमजोर बनाउने, टुक्र्याउन खोजेको चर्चा छ। त्यस्ता कुराको विरोध गर्छौं, प्रधानमन्त्रीलाई सैह्य नहुने जानकारी गराउँछौँ,' उनले भने।

'निहित स्वार्थमा एमाले पार्टी कार्यालय बनाउन व्यवसायीबाट जग्गा दान लिइयो'

प्रतिपक्षी दलको बैठकले एमाले पार्टी कार्यालय बनाउन व्यवसायी मीनबहादुर गुरुङबाट जग्गा दान लिनुलाई सरकार निहित स्वार्थमा राखेर अगाडि बढेको प्रमाण भएको ठहर गरेको छ। 'मुद्दा लागेको व्यक्तिसँग देशको प्रधानमन्त्रीले आफ्नो पार्टीको भवन निर्माणका लागि ठुलो धनराशि स्विकार्ने काम पनि भइरहेको छ। त्यस कुरामा कुनै सौदाबाजी नभएको भन्न सकिँदैन। यस्तो वेला प्रतिपक्षीहरूको कर्तव्य सरकारलाई खबरदारी गर्नु हो। त्यही खबरदारी गर्नका लागि छलफल गर्‍यौँ,' एकीकृत समाजवादीका वरिष्ठ उपाध्यक्ष पाण्डेले भने।

कर्मचारीलाई तलब खुवाउनसमेत नसक्ने अवस्थामा मुलुक रहेका वेला परराष्ट्रमा ११० बढी दरबन्दी थप्ने सरकारको निर्णयले देशलाई स्थायी रूपमा आर्थिक भार थपिएको निष्कर्ष निकालेको छ। पाण्डेले सरकारको आम्दानी संकुचन भएका वेला परराष्ट्रमा कर्मचारी थप्ने, स्थायी रूप्मा आर्थिक भार थप्ने गलत काम भइरहेको बताए। 'जुन देशमा दूतावास नै आवश्यक छैन, त्यहाँ राखेर केही आफन्तलाई जिम्मा दिने काम मात्र भएको छ,' उनले भने।

सहकारीमा...

पृष्ठ १ बाट क्रमशः

ठगीमा जोगिन उनले श्रीमती ज्योति गुरुङसँग कागजी सम्बन्धविच्छेदसमेत गरेको पुष्टि भइसकेको छ। सहकारीकी महाप्रबन्धकसमेत रहेकी ज्योति र धनराजसहितको संलग्नतामा १४ करोड ८१ लाख अपचलन गरेको सहकारीको दाबी छ। धनराजले २९ फागुन ०७६ मै ज्योतिसँग डिभोर्स भएको दाबी गर्दै आएका छन्। तर, त्यसको एक वर्षपछि थप ऋण लिँदा उनले हकदाबीवालाको नाममा ज्योतिलाई नै श्रीमती उल्लेख गर्दै ल्याप्चे लगाएका थिए।

त्यस्तै, सहकारीको रकम अपचलनमा मुछिएका संसद्को सार्वजनिक लेखा समिति सभापतिसमेत रहेका एमाले सांसद ऋषिकेश पोखरेलकी पत्नी अञ्जला पनि अनुसन्धानबाहिरै छन्। पोखरेलकै अग्रसरतामा ०६८ मा स्थापना गरिएको र लामो समय उनकी पत्नी अञ्जला कोइराला सञ्चालकसमेत रहेको मोरङ धनपालथान गाउँपालिका- ४ कर्सियास्थित उमागौरी कृषि सहकारीले १४ करोड ५६ लाख हिनामिना गरेको छ। पीडितहरूले प्रदेश सहकारी रजिस्ट्रार कार्यालयमा उजुरी दिएका थिए। तर, सत्ताको दबाबमा अञ्जलाको नाम काटेर मात्रै रजिस्ट्रार कार्यालयले उजुरी प्रहरीकहाँ पठाएको छ।

आफ्ना नेताहरू जोगाएर रवि लामिछाने पक्राउ गरिएको घटनालाई रास्वपा नेताहरूले राजनीतिक प्रतिशोध भनेका छन्। जिल्ला अदालत, कास्कीले शुक्रबार लामिछानेसहित १४ जनाविरुद्ध पक्राउ पुर्जी जारी गरेको थियो। तर, अन्यलाई भने प्रहरीले पक्राउ गरेको छैन। जिल्ला अदालत, कास्कीले शुक्रबार लामिछानेसँगै विशाल तामाङ, नवीन अछामी, रविना रिमाल, असरफ अली सिद्दिकी, दीपक लामा, अनन्तबाबु राई, रामबहादुर खनाल, देवेन्द्रबाबु राई, विज्ञान राई, ओमप्रकाश गुरुङ, वीरबहादुर रानाभाट, दीपा न्यौपाने र कल्पनाकुमारी श्रेष्ठलाई पक्राउ गर्न प्रहरीलाई अनुमति दिएको छ।

सूर्यदर्शन सहकारी ठगीको गत वर्ष नै कास्की प्रहरीले मुद्दा दायर गरेको थियो। पूरक जाहेरी र संसदीय विशेष छानबिन समितिको प्रतिवेदनका आधारमा अहिले लामिछानेमाथि अनुसन्धान अघि बढाइएको हो। यसअघि प्रहरी महानिरीक्षक बसन्तबहादुर कुँवरले नै लामिछानेविरुद्ध प्रमाण नभएको बताउँदै आएका थिए। संसदीय छानबिन समितिको प्रतिवेदनलाई आधार सो मुद्दामा दोस्रो चरणमा अनुसन्धान अघि बढेको हो।

पक्राउ गर्न लागिएको पूर्वसूचना पाएपछि लामिछाने पार्टी नेताहरूसहित पार्टी कार्यालयमै बसेका थिए। पक्राउ पुर्जी जारी भएलगत्तै केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) र काठमाडौँका प्रहरी पार्टी कार्यालय पुगेका थिए। केही समय पार्टीका नेताहरूसँग छलफल गरेका उनी पत्रकारहरूलाई प्रतिक्रिया दिँदै आफ्नै गाडीमा बसेर प्रहरीसँगै कार्यालयबाट निस्किएका थिए। उनी पक्राउ पर्दा कार्यकर्ताले सरकारविरुद्ध नाराबाजी गरे। आफ्ना सभापतिको पक्राउलाई राजनीतिक प्रतिशोध भनेका रास्वपा नेताहरूले शान्तिपूर्वक प्रतिरोध गर्ने बताएका छन्।

संसदीय छानबिन समितिले सहकारी रकम हिनामिनामा लामिछानेको प्रत्यक्ष संलग्नता नरहेको, तर सहकारीबाट गोरखा मिडियामा गएको पैसा खर्च गर्दा उनको प्रत्यक्ष भूमिका देखिएको भन्दै कारबाही सिफारिस गरेको थियो। लामिछानेले आफूले सो कम्पनीमा 'स्वेट सेयर' लिएको र कम्पनी छाड्दा पनि त्यसबापत केही नलिएकाले सहकारीको रकम अपचलनमा आफ्नो संलग्नता अस्वीकार गर्दै आएका छन्। सहकारी ठगीमा प्रत्यक्ष संलग्नता नदेखिएपछि प्रहरीले संगठित अपराधसम्बन्धी कसुरमा पनि अनुसन्धान अघि बढाएको हो। दुवै कसुरमा पक्राउ पुर्जी जारी भएको हो। संगठित अपराधको कसुरमा प्रहरीले ६० दिनसम्म थुनामा राखेर अनुसन्धान गर्न पाउने कानुनी प्रावधान छ। यही मुद्दामा गोरखा मिडिया नेटवर्क प्रालिका पूर्वसञ्चालक छविलाल जोशी बज्जाडे २६ दिनदेखि थुनामा रहेकाले अब ३४ दिन राखेर अनुसन्धान गर्न सकिने प्रहरी अधिकारीले बताए। साथै, सजाय पनि संगठित अपराधमा ५० प्रतिशत थप हुन्छ।

संसदीय समितिको प्रतिवेदनलाई आधार बनाई गृह मन्त्रालयले अनुसन्धान गर्न निर्देशन दिएपछि प्रहरीले छविलाललाई गत ६ असोजमै पक्राउ गरेको थियो। त्यस्तै, सहकारीको पैसा अपचलनमा सहयोग गरेको अभियोगमा लीला पछाईलाई समेत पक्राउ गरिसकेको छ।

सूर्य थापा संयोजकत्वको सहकारी संस्था बचत दुरुपयोगसम्बन्धी संसदीय छानबिन विशेष समितिको प्रतिवेदनमा विभिन्न सहकारीबाट जिबी राईमार्फत ६५ करोड ५४ लाख चार हजार ५३८ रुपैयाँ गोर्खा मिडिया नेटवर्क प्रालिको खातामा आएको उल्लेख छ। गोरखा मिडियाबाट भएका कारोबारमा तत्कालीन प्रबन्ध निर्देशक रवि लामिछानेले १६ वटा चेकमा हस्ताक्षर गरेको पनि प्रतिवेदनमा उल्लेख छ। उनको हस्ताक्षरमा गोर्खा मिडिया नेटवर्कमा २३ करोड ७९ लाख ८९ हजार ७३१ रुपैयाँको कारोबार भएको देखिएको छ।

४० सहकारीमा ८८ अर्ब अपचलन, अन्य सहकारीमाथिको छानबिन अलपत्र

सहकारी संस्था बचत दुरुपयोगसम्बन्धी संसदीय छानबिन विशेष समितिले एक महिनाअघि नै ४० सहकारीमा ८७ अर्ब ८९ करोड अपचलन भएको औँल्याएको थियो। तर, प्रहरी गोरखा मिडिया जोडिएको सहकारीको मात्र अनुसन्धानमा केन्द्रित छ। समितिले समस्याग्रस्त घोषणा भएका २२ र अन्य १८ वटा सहकारीको विस्तृत छानबिन गरी ३१ भदौमा प्रतिवेदन पेस गरेको थियो। समितिले औँल्याएका कतिपय सहकारीका सञ्चालकमाथि छानबिन नै हुन सकेको छैन।

ठुला ११ सहकारीले कानुनविपरीत कम्पनी र सञ्चालकमा ३२ अर्ब ९१ करोड ७० लाख ७० हजार १६९ रुपैयाँ कर्जा प्रवाह गरेको समितिको निष्कर्ष छ। कृषि विकास बहुउद्देश्यीय सहकारीले गैरकानुनी रूपमा ६६ करोड २० लाख कर्जा प्रवाह गर्दा कम्पनीलाई २३ प्रतिशत र सञ्चालकलाई १४.१६ प्रतिशत लगानी गरेको थियो। त्यस्तै, शिव शिखरले सात अर्ब ४८ करोड ५६ लाख गैरकानुनी रूपमा ऋण लगानी गरेकामा कम्पनीलाई ६३.३९ प्रतिशत र सञ्चालकलाई १०.३० प्रतिशत ऋण दिएको प्रतिवेदनमा उल्लेख छ।

कान्तिपुर सेभिङले तीन अर्ब १० करोड आठ लाख २५ हजार ९०४, लालीगुराँस सहकारीले चार अर्ब ४७ करोड १७ लाख ३२ हजार ५३४, गोर्खा सेभिङले एक अर्ब ५२ करोड ४० लाख ४८ हजार ७०९, सूर्यदर्शन बचतले एक अर्ब ३१ करोड ५३ लाख ८२ हजार ९०८, सुप्रिम बचतले ९९ करोड ४४ लाख ८४ हजार १३३, सहारा बचतले ५२ करोड ४० लाख ७८ हजार १३०, सानोपाइला बचतले एक अर्ब ३५ करोड ४१ लाख ६५ हजार ९११, स्वर्णलक्ष्मी बहुउद्देश्यीयले दुई अर्ब ५२ करोड ३८ लाख ८६ हजार ४८१ र सुमेरु बचतले आठ अर्ब ९६ करोड सात लाख १४ हजार सात सय ऋण गैरकानुनी रूपमा लगानी गरेका हुन्। सहकारी ऐनअनुसार सेयर सदस्यबाहेकलाई ऋण लगानी गर्न पाइँदैन।

सहारा, गोर्खा, तुलसी, कृषि विकास, मित्रमिलन, नेपाल सहकारी, कान्तिपुर सेभिङ, लुःनिभा, इमेज र लालीगुराँस सहकारीले ठुलो मात्रामा कानुन मिचेर ऋण लगानी गरेका छन्। त्यसरी प्रवाह भएको कर्जा डुबेपछि सर्वसाधारणको पैसा फिर्ता हुन नसकेको हो। यसरी सर्वसाधारणको पैसा ठगी गर्ने कतिपय सहकारीका सञ्चालक जेलमा छन्, केही अनुसन्धानको क्रममा छन् भने केहीलाई अझै अनुसन्धानको दायरामा ल्याइएको छैन। समयमै छानबिन नहुँदा कतिपय सञ्चालक सम्पत्ति बेचेर विदेश भागिसकेका छन्।

के छ मुद्दाको अवस्था ?

सूर्यदर्शन सहकारी ठगी प्रकरणमा लामिछानेसहित अन्य व्यक्ति र कम्पनी गरी १८ जनाविरुद्ध २२ माघ ०८० मा सहकारीपीडितले जिल्ला प्रहरी कार्यालय कास्कीमा पूरक जाहेरी बुझाएका थिए। सूर्यदर्शन बचतपीडित संघर्ष समितिले लामिछानेसहित अन्यविरुद्ध कास्की प्रहरीमा जाहेरी बुझाए पनि प्रमाण नभएको भन्दै प्रहरीले विगतमा अनुसन्धान अघि बढाएको थिएन।

जाहेरीमा लामिछानेसहित पूर्वउपराष्ट्रपति नन्दकिशोर पुनका छोरा दीपेश पुन, पूर्वअध्यक्ष ज्ञानबहादुर बमजन, नेत्रपाणि बास्तोलासँगै नेचर हब प्रालि, गोर्खा मिडिया प्रालि, नेचर नेस्ट, वारिसान इन्फोमेसन टेक्नोलोजी, स्प्रिङ उड रियलस्टेट, सोनी क्यापिटल, ग्रिजी स्पान, गोर्खा ग्रुप इन्भेस्टमेन्ट र गोर्खा आयुर्वेद प्रालिलगायतको नाम उल्लेख छ। यसअघि सहकारीमा भएको ठगीका सम्बन्धमा पोखरा महानगरपालिकाबाट आवश्यक कारबाहीका लागि ३ साउन ०८० मा गरेको पत्राचारका आधारमा कास्की प्रहरीले २२ साउनमा मुद्दा दायर गरिसकेको छ। सहकारीबाट ठगिएकाबाट कास्की प्रहरीले गरेको उजुरी मागपछि एक हजार ३६ बचतकर्ताको जाहेरी परेको थियो भने जाहेरीमा ठगीएको रकम एक अर्ब ११ करोड १९ लाख ४३ हजार ४५ रुपैयाँ पुगेको थियो। गत वर्ष १९ आरोपीविरुद्ध मुद्दा दायर भएको थियो। जसमध्ये चारजना कारागारमा छन् भने १५ जना फरार छन्।

गुरुङ र...

पृष्ठ १ बाट क्रमशः

लाख ऋण लिएका थिए, जसमा ज्योतिलाई 'हकवाला'का रूपमा श्रीमती उल्लेख गर्दै ल्याप्चे लगाएका छन्। संसदीय छानबिन समितिसँगको बयानमा सहकारीका अध्यक्ष कुम्भराज गुरुङले पनि उनीहरूको सम्बन्धविच्छेद 'नाम मात्रको' भएको बताएका छन्।

धनराज र उनकी पत्नी ज्योतिसहित पाँचजनाले करिब १४ करोड ८१ लाख हिनामिना गरेको भन्दै सहकारीले बागमती प्रदेश सहकारी रजिस्ट्रार र प्रहरीमा पनि उजुरी दिएको थियो। तर, राजनीतिक दबाबमा रजिस्ट्रार कार्यालयले धनराजको नाम काटेर प्रहरीमा सिफारिस गरेको सहकारीका अध्यक्ष कुम्भराज गुरुङको भनाइ छ। प्रहरीले अहिले सहकारीबारे अनुसन्धान गरिरहेको जनाएको छ। तर, संसदीय छानबिन विषेश समितिले नै दोषी ठहर गरेका गुरुङलाई उन्मुक्ति दिने गरी काम भइरहेको स्रोतको दाबी छ।

कांग्रेस उपसभापति धनराज गुरुङले पत्नी ज्योति गुरुङसँग २९ फागुन ०७६ मै सम्बन्धविच्छेद गरिसकेको दाबी गर्दै आएका छन्। तर, त्यसपछि पनि ज्योतिको दायित्वको भागसहितको मितेरी सहकारीको ऋण तिरेका छन्। कानुनमन्त्री रहेका वेला ०८१ मा धनराजले एकैपटक ८४ लाख ऋण तिरेका थिए। त्यसको केही समयअघि मात्रै न्यायाधीशहरूको नियुक्ति गरिएको थियो, जसमा 'आर्थिक कारोबार' भएको त्यतिवेला सार्वजनिक भएको थियो। यस विषयमा पनि धनराजमाथि छुट्टै छानबिन हुनुपर्ने संसदीय छानबिन समितिकै सदस्यहरूको भनाइ थियो। 'सहकारीमा १४ करोड ८१ लाख अपचलन त छुट्टै भइहाल्यो। त्यसबाहेक धनराजजी र ज्योतिजीले व्यक्तिगत रूपमा पनि ऋण लिनुभएको छ। पछिल्लोपटक धनराजजीले मन्त्री भएका वेला एकैपटक ८४ लाख तिरेको, त्यसमा ज्योतिजीको दायित्वको भाग पनि तिरेको देखियो। डिभोर्स भएपछि त आर्थिक दायित्व रहँदैन नि त,' मितेरी सहकारीको स्थलगत अध्ययनपछि छानबिन समितिका सदस्यहरूको भनाइ थियो, 'मन्त्री भएका वेला त्यत्रो पैसा कहाँबाट आयो भन्ने पनि प्रश्न छ। अर्को, ०७६ मा डिभोर्स भएको भन्नुभएको छ, ०७७ मा श्रीमतीलाई नै हकवाला राखेर लोन लिनुभएको छ। यसरी प्रशस्तै अन्तर्विरोध छन्।'

त्यस्तै, एमाले सांसद एवं सार्वजनिक लेखा समितिका सभापति ऋषिकेश पोखरेलकी श्रीमती अञ्जला कोइराला पनि मोरङको उमागौरी कृषि सहकारीको १४ करोड ५६ लाख हिनामिना प्रकरणमा प्रत्यक्ष मुछिएकी छिन्। सरकारकै दबाबमा उनलाई पनि उन्मुक्ति दिने गरी फाइल अगाडि बढाइएको छ। कोशी प्रदेश सहकारी रजिस्ट्रारको कार्यालयले अञ्जलाको नाम काटेर प्रहरीलाई अनुसन्धानका लागि पत्राचार गरेको छ, जब कि उनी ६ वर्ष सहकारीको सञ्चालक थिइन्। त्यस अवधिसहितको १० वर्षका कागजपत्र नै सहकारीबाट गायब पारिएका छन्।

१८ करोड ५१ लाख कुल पुँजी रहेको यो सहकारीमा ऋणी र सञ्चालक सदस्यको जग्गाको कागजपत्र धितो राखेर सञ्चालकहरूले विभिन्न व्यावसायिक बैंकबाट ११ करोड ५६ लाख रुपैयाँ ऋण निकालेका छन्। सहकारीले बचतकर्ताको दुई करोड तीन लाख ५४ हजार पनि फिर्ता गर्न बाँकी छ। कतिपय ऋणीलाई बैंकबाट ऋण लिन लागेको थाहै नदिई झुक्याएर हस्ताक्षर र ल्याप्चे लगाइएको छ। बचत र ऋण हिनामिनाबारे पीडितहरूले प्रश्न उठाउन थालेपछि करिब डेढ वर्षदेखि सहकारीमा ताला लगाइएको छ। सहकारीमा करिब पाँच हजार सेयर सदस्य छन्।

लेखा समिति सभापति पोखरेलकै अगुवाइमा ०६८ मा स्थापना गरिएको उमागौरी सहकारीका अध्यक्ष शम्भुप्रसाद रौनियार हुन्। उनी एमालेनिकट मानिन्छन्। सहकारीका पीडितले अध्यक्ष, पदाधिकारी र सञ्चालक सदस्यविरुद्ध प्रदेश सहकारी रजिस्ट्रारको कार्यालयमा उजुरी दिएका थिए, जसमा पोखरेलकी पत्नी अञ्जलाको नाम पनि किटान गरिएको थियो। तर, राजनीतिक पहुँचका आधारमा रजिस्ट्रारको कार्यालयले उनको नाम हटाएको छ। करिब डेढ वर्षअघि नै पीडितहरूले दिएको उजुरीमा रजिस्ट्रार कार्यालयले बेवास्ता गर्दै आएको थियो। मुद्दा चर्किँदै गएपछि गत २४ भदौमा मात्रै अञ्जलाको नाम काटेर अनुसन्धान प्रक्रिया अघि बढाउन प्रहरीलाई पत्र पठाइएको छ। सहकारीमा रकम हिनामिना हुँदाको बखत ०७२ देखि ०७८ सम्म पोखरेलपत्नी अञ्जला सञ्चालक थिइन्। ०६८ देखि ०७८ सम्मका सहकारीका कागजपत्र सबै गायब पारिएका छन्।

सत्य निरूपण र छानबिन आयोगमा पदाधिकारी सिफारिस गर्न समिति

काठमाडौं/ सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पाऐका व्यक्तिको छानबिन आयोगमा पदाधिकारी सिफारिसका लागि समिति बनाएको छ।

मन्त्रिपरिषद्को शुक्रबारको बैठकले पूर्वप्रधानन्यायाधीश ओमप्रकाश मिश्रको नेतृत्वमा पाँच सदस्यीय सिफारिस समिति गठन गरेको हो। यसअघि ३० चैत ०८० मा पनि सरकारले मिश्रको अध्यक्षतामा सिफारिस समिति गठन गरेको थियो। तर, मानव अधिकार आयोगले विचाराधीन विधेयक पारित गर्नुपर्ने सर्तसहित समितिमा सदस्यको प्रतिनिधित्व नगराउँदा सिफारिस भएको थिएन। बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) ३० साउनमा प्रतिनिधिसभा र ६ भदौमा राष्ट्रिय सभाबाट पारित भइसकेकाले सरकारले पदाधिकारी नियुक्तिको प्रक्रिया अगाडि बढाएको हो। दुवै आयोगका अध्यक्षसहित पाँच सदस्य सिफारिस हुनेछन्। यी आयोग ३१ असार ०७९ देखि पदाधिकारीविहीन छन्। दुवै आयोगको म्याद पदाधिकारीविहीन अवस्थामै पाँचौँपटक थप गरिएको छ।

कात्तिकभित्र...

पृष्ठ १ बाट क्रमशः

जिल्लामा पाँच हजार ९१६ निजी घर पूर्ण रूपमा ध्वस्त भएका छन् भने १२ हजार ४७७ घरमा आंशिक क्षति पुगेको छ। घटनाका कारण १० हजार ८०७ परिवार पूर्ण रूपमा विस्थापित भएका छन्।

तत्काल क्षतिको विस्तृत मूल्यांकन गरेर स्थायी आवास निर्माणको प्रक्रिया अगाडि बढाउने निर्णय भएको अधिकारीले बताए। पुनर्निर्माण र पुनर्स्थापनामा विषयगत मन्त्रालय/निकाय, प्रदेश सरकार र स्थानीय तहले विपत् व्यवस्थापन प्राधिकरणसँग समन्वय गर्नुपर्नेछ।

गृहमन्त्री रमेश लेखकको अध्यक्षतामा बिहीबार बसेको विपत् व्यवस्थापन कार्यकारी समितिले मध्य असोजको बाढीपहिरोबाट भएको क्षतिको विस्तृत मूल्यांकन गर्न विपत् व्यवस्थापन प्राधिकरणलाई निर्देशन दिइसकेको छ। प्राधिकरणका सहसचिव अर्जुन बम नेतृत्वको समितिले बाढीपहिरोबाट ११ हजार घरपरिवार विस्थापित भएको र ४६ अर्ब चार करोडको क्षतिको प्रारम्भिक प्रतिवेदन समितिलाई बुझाइसकेको छ। तर, क्षतिग्रस्त निजी आवास र सरकारी तथा सार्वजनिक भवन, संरचना पुनर्निर्माणका लागि विस्तृत मूल्यांकन गर्न बाँकी छ।

बाढीले...

पृष्ठ १ बाट क्रमशः

बगायो।' खोलानजिक वास बस्दा बाढी आएपछि अब भने उनी आफ्नो जन्मघर धादिङ फर्कने सोचमा छन्। नक्खु करिडोरमै कैलाश साहको घन्टी कारखाना पनि डुबानमा पर्‍यो। मेसिन तथा सबै सामान बाढीले बगायो। कारखानाको छानोबाहेक केही रहेन। 'मेरो टहरामा बाढी पसेर ३० लाखको क्षति भयो, मेसिन र सरसामान सबै बगायो,' उनले भने।

नक्खु करिडोर क्षेत्रमा पक्की घरको सटरमा पसल राखेका टेकबहादुर श्रेष्ठको पसल पनि बाढीले डुबायो। पसलमा भएभरका सामान काम नलाग्ने भए। 'घर सफा गरेर अझै सकिएको छैन, पसलका सामान सबै बिग्रिए, खानेपानीको समस्या छ,' उनले भने। बाढीले पक्की घर डुबानमा पारेपछि बिहीबार दिउँसो घर सरसफाइ र हिलो पखाल्न व्यस्त थिइन् आदिनाथ मार्गकी शोभा महत। ६ महिनाअघि मात्रै किनेको घरको पहिलो तलामा बाढी पसेको थियो। परिवार मिलेर सफा गरेपछि उनको घर भने बस्नलायक बनेको छ।

भीषण वर्षापछि बाढीको चपेटामा परेको नक्खु करिडोर अहिले एउटा ठूलो बगर बनेको छ। बगरभरि ढुंगामाटो, बालुवा र घरटहराका भग्नावशेष छन्। करिडोरको करिब चार किमि क्षेत्रफल हेर्दै उराठलाग्दो देखिन्छ। असोज दोस्रो साता ललितपुरको नक्खु खोलामा भीषण बाढी आउँदा स-साना छाप्रो, टहरामा बस्नेदेखि अग्ला-अग्ला पक्की घरसमेत डुबानमा परे। करिडोरमा रहेका हरेक घरका कोठा लेदोले भरिएको थियो। क्षणभरमै मानव बस्ती बसेको ठाउँ खण्डहर बन्यो। खानेपानीका इनार, धारा र कुवा सबै पुरिए। दुई साताअघिको बाढीका कारण डुबानमा परेको नक्खु करिडोर क्षेत्रमा अझै भग्नावशेष र फोहोर पन्छाएर सकिएको छैन। घरको एक तलासम्म भरिएको हिलो र अन्य फोहोर हटाउन स्थानीयलाई भ्याइनभ्याइ छ। घरभित्र बाढी पसेपछि कतिपय त घरै छाडेर हिँडेका छन्।

नक्खु खोला क्षेत्रकै सुगम टोलस्थित रैतहटका राजु साहको परिवारलाई नै बाढीले बगाएको थियो। केही वर्षदेखि जस्ताको टहरो बारेर ग्रिल कारखाना चलाउँदै आएका ४३ वर्षीय साहका परिवारका चारजनालाई बाढीले बगायो। ज्यान जोगाउन टहराको छानामाथि चढेका उनीहरूलाई बाढीले बगाएपछि काभ्रे तेमालका चणिकलाल तामाङले उद्धार गरेका थिए। टहरो बाढीले बगाएपछि उनको परिवार नक्खु क्षेत्रबाट बसाइँ सरेको छ। नक्खु करिडोरमा बाढी आउनुको मुख्य कारण यहाँको खोला क्षेत्र साँघुरो हुनु हो। साँघुरो खोलामा पिँधबाट बालुवा र माटो भरिँदै आउँदा खोलाको बाढी बस्तीतिर पसेको थियो।

११ र १२ असोजमा उपत्यकाभित्र सबैभन्दा बढी पानी लेले-टीकाभैरव क्षेत्रमा परेको मापन गरिएको थियो। एकातर्फ उपत्यकाका सबै खोलाको पानी मिसिँदा र अर्कातर्फ लेले-टीकाभैरवमा पानी धेरै पर्दा नक्खु खोलामा बाढी आएको थियो।

Himalayan Securities
A Wholly Owned Subsidiary of Himalayan Bank Limited
रजिष्टर्ड कार्यालय, का.म.न.पा. वडा नं. २८, कमलादी, काठमाण्डौ, फोनः ०१-५९७०७३४
इमेलः info@himalayansecurities.com, वेबसाइटः www.himalayansecurities.com

चौथो वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८१/०७/०३ गते)

यस कम्पनीको मिति २०८१ असोज १६ गते बुधवार बसेको २६औं सञ्चालक समितिको बैठकको निर्णयानुसार यस कम्पनीको चौथो वार्षिक साधारण सभा देहाय बमोजिमको मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल गरी पारित गर्न बस्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

सभा हुने मिति, स्थान र समय :

मिति : २०८१/०७/२३ गते तदनुसार नोभेम्बर ८, २०२४ शुक्रबार ।
स्थान : हिमालयन सेक्युरिटिज लिमिटेड, रजिष्टर्ड कार्यालय, कमलादी, वडा नं. २८, का.म.पा., काठमाण्डौ ।
समय : बिहान ११:०० बजे ।

छलफलका विषयहरु :

(क) **साधारण प्रस्तावहरु :**
१. आर्थिक वर्ष २०८०/०८१ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तको वासलात र मिति २०८० श्रावण १ देखि २०८१ आषाढ मसान्तसम्मको नाफा नोक्सान हिसाब, नाफा नोक्सान बाँडफाँड हिसाब, सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु माथी छलफल गरी पारित गर्ने ।
३. आर्थिक वर्ष २०८१/८२ को लागि कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखा परीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने (साविक लेखापरीक्षक श्री एम.बि.श्रेष्ठ एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्टस् पुनः नियुक्तीका लागि योग्य हुनुहुन्छ) ।
४. सञ्चालकहरुको नियुक्ती गर्ने ।

(ख) **विशेष प्रस्तावहरु :**
१. कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना सम्बन्धी कम्पनीको प्रबन्धपत्रको दफा २ तथा नियमावलीको नियम २ मा संशोधन गर्ने र सो पश्चात प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधनका साथै नियमनकारी निकायबाट प्रबन्धपत्र तथा नियमावलीमा थपघट, परिवर्तन वा संशोधनको निर्देशन भएमा वा आवश्यक्ता अनुसार प्रबन्धपत्र तथा नियमावलीमा परिवर्तन वा संशोधन गर्न परेमा सो गर्न गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(ग) **विविध ।**

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

भावपूर्ण श्रद्धाञ्जली



जन्म
२००८/१०/१०

स्व. उर्मिला पाण्डे

स्वर्गारोहण
वि.सं. २०८१/०६/२२

यस कम्पनीका मुख्य प्रवन्धक श्रीमती ज्योत्सना पाण्डेको ममतामयि सासुआमा श्रीमती उर्मिला पाण्डेको असामयिक स्वर्गारोहण भएको खबरले हामीलाई स्तव्ध तुल्याएको छ । आज १२ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै यस दुःखद घडिमा शोकसन्तप्त परिवारजनमा ईश्वरले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन भन्ने प्रार्थना सहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।

वीरेन्द्र बैदवार क्षेत्री
प्रमुख कार्यकारी अधिकृत
एवम्
सिद्धार्थ प्रिमियर इन्स्योरेन्स परिवार

ललितपुर महानगरपलिका
नगर कार्यपालिकाको कार्यालय
(पूर्वाधार निर्माण महाशाखा)
पुल्चोक, ललितपुर
बागमती प्रदेश, नेपाल

लागत सहभागिता साझेदारी कार्यक्रमको लागि प्रस्ताव माग गरिएको सूचना

प्रकाशित मिति : २०८१/०७/०३ गते

ललितपुर महानगरपालिका अन्तर्गत सबै वडाहरुमा सन्तुलित विकासका लागि तथा महानगरवासीको आवश्यकता अनुसार जनताको प्रत्यक्ष संलग्नतालाई थप व्यवस्थित र प्रभावकारी बनाउने उद्देश्यले कानुन अनुसार दर्ता भएका संघ, संस्था, समूह, उपभोक्ता समूह र महानगरपालिका बीच योजनाहरु सञ्चालन तथा व्यवस्थापन गर्नको लागि ललितपुर महानगरपालिका "लागत साझेदारी कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०७९" को परिच्छेद ३ अन्तर्गत दफा ४ मा भएको व्यवस्था बमोजिम आर्थिक वर्ष २०८१/०८२ भित्र बढिमा रु. एक करोड सम्मका पूर्वाधार निर्माण तर्फका आयोजना सञ्चालन गर्नका लागि लागत सहभागिताको रुपमा न्यूनतम ४० प्रतिशत वा सो भन्दा बढी रकम व्यवस्थापन गरि सञ्चालन गर्न ईच्छुक संघ, संस्था, समूह र उपभोक्ता समूहले यो सूचना प्रकाशन भएको मितिले १ (एक) महिनाभित्र बिषय खुल्ने कागजात र ललितपुर महानगरपालिकामा सम्बन्धित वडा कार्यालयको सिफारिस सहित तोकिएको ढाँचामा निवेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

आयोजना सञ्चालन क्षेत्रहरु:

क)	सडक निर्माण तथा मर्मत संभार	ख)	कृषि तथा सिंचाई
ग)	खानेपानी	घ)	स्वास्थ्य तथा सरसफाइ
ङ)	शिक्षा	च)	वन तथा जलाधार
छ)	पर्यटन		

मोटरसाइकल हरायो

मिति २०८१/६/१८ गते अ. दिउँसो ४:३० बजेको समयमा का.जि.का.म.न.पा.-१६, बाईपास बाहिनी मार्गको बाटोमा पार्किङ गरिराखेको मेरो निम्न व्यहोरा भएको कालो रातो रंगको 220 CC को पल्सर मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला ।

नामः हुलास फिन सर्भ लिमिटेड (विश्वनाथ पुडासैनी)
मो.सा.नं.: बा.प्र. ०२-०४६ प ४१८८
चेसिस नं.: MD2A13EX8NCM84430
इन्जिन नं.: DKXCNM38780
सम्पर्क नं.: 9841044326

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्याँ नयाँ
शनिबार ३ कात्तिक ०८१
nayapatrikaofficial @naya_patrika

अटिजमसँग जुध्दै अभिभावक

मोबाइलले अटिजमको अवस्थालाई थप बिगार्न सक्छ, त्यसैले बच्चालाई समूहमा खेल्ने वातावरण अभिभावकले बनाउनुपर्छ



विश्व स्वास्थ्य संगठनको १५ नोभेम्बर २०२३ मा सार्वजनिक रिपोर्टअनुसार झन्डै सयमध्ये एकजना बालबालिकामा अटिजम भएको हुन सक्छ। तर, नेपालमा अटिजमबारे पर्याप्त अनुसन्धान नै भएको छैन।

स्वास्थ्य



अन्वेषण अधिकारी

कसरी हुन्छ अटिजम ?

आफ्ना दुई सन्तानमध्ये कान्छो छोरामा बाल्यावस्थामै अटिजम पहिचान भएपछि काठमाडौं चन्द्रागिरिकी गीता घिमिरे झन्डै डिप्रेसनमा पुगिसकेकी थिइन्। श्रीमान् (यमन पौडेल) को साथ र हौसलापछि छोरामा सुधार ल्याउने संकल्पसहित उनी अटिजमबारे पर्याप्त अध्ययनमा जुटिन्। 'डाक्टरले दिएको समयभन्दा दुई महिनाअघि नै बाबु जन्मियो, पौने दुई केजीको मात्रै थियो। डेढ वर्षसम्म पनि कोल्टे फेर्न नसक्ने (जस्तो सुतायो, त्यस्तै बस्ने), टाउको नधान्नेलगायत समस्या देखियो। सुरुमा तौल कम भएकाले यस्तो भएको होला भन्ने थियो,' उनले भनिन्, 'विकास प्रक्रियामा ढिलाइ कायमै रहेपछि हामीले कान्ति अस्पताल लग्यौं। त्यहाँ थेरापी गराउन थालियो। सधैं अस्पताल लैजान कठिन हुने भएकाले आफैंले पनि थेरापीको तालिम लिएँ।'

डेढ-दुई महिनामै उसको बस्ने पोजिसनमा सुधार भयो। उसको बोलाइ प्रक्रिया पनि ढिला भइरहेको थियो। '१५-१६ महिना छँदा माम्मु, बाबा भनेर मज्जाले बोल्थ्यो। तर, दुई वर्षको हुँदा बोलीको विकास राम्रो हुनुपर्नेमा उल्टै बोल्न कम भएर गयो। बाबालाई उसले हा.. भनेर सम्बोधन गर्न थाल्यो। माम्मु भन्न छाडेर म... मात्रै भन्न थाल्यो।'

पाँच वर्षको छँदासम्म पनि सुधार भएन। आफन्तहरूले कसै-कसैमा बोलीको प्रक्रिया ढिला हुन्छ भनेकाले भविष्यमा राम्ररी बोल्ला भन्ने आस थियो। तर, साढे पाँच वर्षसम्म पनि राम्ररी बोल्न नसकेपछि हामीले कान्ति अस्पतालमै देखायौं। 'डाक्टरले अटिजम भएको पहिचान गर्नुभयो। अन्य अस्पतालमा पनि देखाइयो। त्यहाँ पनि अटिजम भएकै कुरा गर्नुभयो। यसपछि म डाक्टरकै अगाडि रोएकी थिएँ। उहाँले बिस्तारै सुधार हुन्छ भने पनि पत्याउन गाह्रो भइरहेको थियो। म डिप्रेसनकै अवस्थामा पुगेँ।'

उनले भनिन्, 'म आफैं कमजोर भएँ भने मेरो बच्चामा कसरी सुधार हुन्छ भन्ने महसुस बिस्तारै हुन थाल्यो। त्यसपछि मैले अटिजमबारे युट्युबमा भिडियो हेर्ने, यसबारे अध्ययन गर्ने र सकेसम्म धेरै जानकारी र विभिन्न संस्थाले दिने तालिम लिन थालेँ।' अहिले उनी आफैंले चन्द्रागिरि नगरपालिका-१२ बलम्बुमा 'अटिजम बौद्धिक अपांगता केयर सेन्टर' खोलेकी छिन्। जहाँ, १२ जना बालबालिका छन्।

'अहिले बाबु आठ पूरा भएर नौ वर्षको लाग्यो। उसलाई देख्नेले अटिजम भएको भन्दैनन्। उसको अवस्था धेरै सुधार भइसकेको छ। आम बच्चाजस्तै छ। उसले अक्षरहरू पढ्न र बोल्न पनि सक्ने भएको छ। तर, जति सामान्य अवस्थामा पुगे पनि समय-समयमा व्यवहार बल्झन सक्ने भएकाले अभिभावक सतर्क भने हुनुपर्छ। चोटपटक लाग्ने जोखिम भएको ठाउँमा छोड्न मिल्दैन। उसलाई निगरानीमै राख्नुपर्छ,' उनले थपिन्, 'अटिजम रोग होइन, अवस्था हो। बालबालिकामा यस्तो अवस्थाबाट सुधार ल्याउन अभिभावकको भूमिका महत्त्वपूर्ण हुन्छ। पहिले त अभिभावकले आफ्नो बच्चालाई अटिजम भएको स्विकार्नुपर्छ। सुरुमा गाह्रो हुन्छ, तर स्विकार्नुको विकल्प छैन। त्यसपछि बाबाआमाले यो हाम्रो जिम्मेवारी हो भन्ने सोच्नुपर्छ। परिवार र त्यसपछि समाजले पनि स्विकार्नुपर्छ। मध्यरातमा उठेर चिच्याइदिँदा राति सुत्न पाइँदैनथ्यो। अहिले धेरै सुधार भइसकेको छ।'

छोरा पाँच वर्ष पुग्नुअघि नै अटिजमबारे थाहा भइदिएको भए अझै चाँडै र धेरै सुधार ल्याउन सकिन्थ्यो कि भन्ने बारम्बार उनलाई लागिरहन्छ। अटिजम पहिचान जति ढिला भयो, सुधारको सम्भावना पनि त्यति नै कठिन हुने उनले बताइन्। 'कतिपय अभिभावक मेरो सेन्टरमा १० वर्षमाथिका बच्चाहरू लिएर आउनुहुन्छ। तर, यतिबेला रिसिभ गर्न गाह्रो हुन्छ। किनकि, बच्चालाई उमेर धेरै भइसकेपछि डिल गर्न र सुधार ल्याउन निकै गाह्रो हुन्छ। तसर्थ, वेलैमा पहिचान गर्नुपर्छ,' उनले भनिन्।

अटिजम एउटा न्युरोलोजिकल अवस्था हो। यसले मस्तिष्कको विकाससँग सम्बन्धित विभिन्न अवस्था निम्त्याउँछ। यो कुनै रोग होइन। वातावरणीय र वंशाणुगत कारणले पनि बाल विकासमा समस्या देखिएको हुन सक्छ। अन्य कारण पनि हुन सक्छन्। अटिस्टिक मानिसका क्षमता र विशेषता फरक-फरक हुन्छन्। समयअनुसार त्यो परिवर्तन पनि हुँदै जान्छ। कोही त्यस्ता मानिस पनि हुन्छन्, जो अटिजम भएर पनि स्वतन्त्र रूपमा बाँच्न सक्छन्। तर, कठोर अवस्था भएकाहरूलाई जीवनभर सहयोग र साथको खाँचो हुन्छ। बोलीमा ढिलाइ, संवेगात्मक विकासमा समस्या, दोहोरो कुराकानी वा सामाजिक अन्तर्क्रिया गर्न समस्या, सामाजिक रूपमा घुलमिल कम हुने, एक्लोपनमा रमाउनेलगायत व्यवहारलाई यसको लक्षणका रूपमा हेरिन्छ। ससानो कुरामा जोड दिने, एउटै कुरा बारम्बार गर्न रुचाउने पनि हुन्छ। एउटै चिज खेल्न मन पराउने, एउटै व्यवहार देखिने, नयाँ वातावरणमा घुलमिल हुन नसक्ने, ठुल्ठुलो आवाज सुन्दा सेन्सेटिभ वा लेस-सेन्सेटिभ हुने पनि देखिन्छ।



● डा. अनिलराज ओझा
बाल विकास विशेषज्ञ
पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान

निदान र सुधार कसरी गर्ने ?

अभिभावकसँगको कुराकानी, बच्चाको व्यवहार र मेडिकल हिस्ट्री, हेरेर यसको पहिचान गर्न सकिन्छ। यसका लागि केही संयन्त्र छन्, जसका आधारमा हामी समस्या निदान गर्छौं। रोग नभएकाले यसको पूर्ण उपचार हुँदैन। समयमै निदान भएमा राम्रो सुधार देखिन सक्छ। तीन वर्षभन्दा कम उमेरमै पहिचान गर्दा राम्रो वातावरण दिएर पर्याप्त सुधार ल्याउन सकिन्छ। उनीहरूलाई सामाजिक रूपमा घुलमिल गराउन र समाजमा पुनर्स्थापना गर्न सहज हुन्छ।

मनोचिकित्सक तथा थेरापिस्टहरूले विभिन्न तरिकामार्फत अटिजम भएकाहरूको सञ्चार र सामाजिक क्षमतामा सुधार ल्याउन सक्छन्। समुदायले अटिजम भएकाहरूको आवश्यकता र अधिकारलाई बुझ्नुपर्छ र सहयोग गर्नुपर्छ। उनीहरूको पहुँच, समावेशिता र समर्थन बढाउन समुदायले कदम चाल्नुपर्छ।

सुरुको दुई-तीन वर्षमा मस्तिष्कको विकास हुने भएकाले सानै उमेरदेखि बच्चाका गतिविधिलाई अभिभावक तथा आफन्तले ध्यान दिनुपर्छ। जसरी, माटो काँचो हुँदा जस्तो आकार दियो त्यस्तै बन्छ, सुकिसकेपछि गाह्रो हुन्छ। त्यसरी नै समयमै पहिचान गरिएन भने बच्चाको विकासमा असर पर्न सक्छ। ढिला विकास हुनु भनेको पृथक् रूपमा विकास हुनु हो। अटिजम भएकामध्ये एकतिहाइमा बौद्धिक क्षमता कम हुन्छ, झन्डै दुईतिहाइको बौद्धिक क्षमता नर्मल नै हुन्छ। केवल दोहोरो कुराकानी अर्थात् सञ्चार र सामाजिक अन्तर्क्रियामा समस्या हुने हो।

परिवारले के गर्ने ?

शंका लागेमा बालबालिकामा देखिएका कठिनाइबारे बालरोग विशेषज्ञ वा बाल विकास विशेषज्ञसँग परामर्श लिनुपर्छ। अभिभावकले अटिजमबारे पर्याप्त जानकारी र तालिम लिन जरुरी छ। थेरापीबारे पनि तालिम लिनुपर्छ। किनकि, घर-परिवारका सदस्यले बुझेपछि उक्त परिवारमा बच्चाले उचित वातावरण पाउँछ। स्कुलका शिक्षकले पनि बुझ्न सक्नुपर्छ। अहिले स्कुलहरूमा यसबारे सचेतनाको कमी छ। यहीकारण कतिपय स्कुलले स्कुलमा नआऊ भनिदिने, भर्ना लिन नमान्नेलगायत गरेको पनि सुनिन्छ। स्कुल बच्चाको दोस्रो घर हो। शिक्षकलाई यसबारे पर्याप्त जानकारी दिन जरुरी छ।

केयर सेन्टरमा बालबालिकालाई चित्रमार्फत नै धेरैभन्दा धेरै कुरा बुझाउने गरिएको गीताले बताइन्। 'हामीले उनीहरूलाई ट्वाइलेट जान सिकाउनुपर्‍यो भने पनि चित्र देखाएर ट्वाइलेट यसरी प्रयोग गर्ने भनेर सिकाउँछौं,' उनले भनिन्, 'अटिजम भएका बालबालिकाका अभिभावक पनि उत्तिकै सतर्क हुनुपर्छ। त्यसैले हामीले दसैंपछिबाट अभिभावकलाई दुई महिना लामो ट्रेनिङ दिने योजना बनाएका छौं। अभिभावकलाई अनलाइन क्लास अहिले पनि वेला-वेलामा दिइरहेका हुन्छौं।'

पाल्पा स्थायी घर भएकी विनिता पौडेलका तीन सन्तानमध्ये माइलो छोरा १५ वर्षका भए। अटिजम पहिचान हुने समय लागेकाले छोरामा सोचेजस्तो सुधार ल्याउन कठिन भएको अनुभव उनले सुनाइन्। 'बाबु सानैदेखि कमजोर थियो। ६-७ महिना भइसकेपछि पनि उसले राम्ररी खुट्टा टेकेन। हाँस्दा पनि हाँसेन। केही समस्या छ भन्ने महसुस भयो। टिचिङ अस्पतालमा लग्दा अलिकति बच्चा कमजोर नै छ भन्ने भयो। अहिलेजस्तो अटिजमबारे त्यतिबेला पर्याप्त जानकारी थिएन। वेलामा थेरापी गराउन पाएको भए केही न केही सुधार अवश्य हुने थियो। अहिले बोल्दैन पनि, हिँड्दा पनि सन्तुलन छैन।'

उनले पनि अहिले अटिजमबारे तालिम र थेरापी लिइरहेकी छिन्। अटिजमबारे नेपालमा पर्याप्त सचेतना फैलाउन जरुरी रहेको उनले बताइन्। 'गाडीहरू आएको हुन्छ, छोराले कहिले गाडीलाई ठ्याप्प हानिदिन्छ। मानिसलाई पनि यसो छोइदिन्छ। कोही त रिसाइदिन्छन्। कोही त कराउँछन्। यति ठुलो मानिसले किन छोयो भन्नेहरू पनि हुन्छन्। बाबुलाई डोहोऱ्याएर लगेको देख्दा फर्की-फर्की हेर्नेहरू पनि छन्। सहरमा त बुझेका छैनन् भने गाउँमा के गर्ने ? सचेतना फैलाउन जरुरी छ।'

सिरहा, मिर्चैयाकी निर्मला पोखरेलका छोरामा पनि अटिजम पहिचान भएको छ। तर, समयमै थेरापी सुरु गराएकाले उनी आफ्नो छोराको अवस्था सुध्रेनेमा दुक्क छिन्। 'मेरो छोराले दुई वर्षसम्म राम्ररी बोल्थ्यो। त्यसपछि टु वे कम्युनिकेसन कम भयो। भोक लाग्यो, भात मात्रै भन्छ। पूर्ण बोल्दैन। बोलाउनेबित्तिकै अरू बच्चा त फर्केर हेर्छन्, उसले नहेर्ने। आई कन्ट्याक्ट पनि चिनेकोलाई मात्रै गर्ने, नचिनेकाले बोलायो भने वास्तै नगर्ने। गाउँघरका बच्चा ५-६ वर्षपछि पनि बोलेका छन् भनेको सुन्दा मेरो बच्चाले पनि बिस्तारै पूर्ण बोल्छ भन्ने आस थियो। चार वर्षसम्म नबोलेपछि गएको चैतमा काठमाडौं आएर जचाएँ। डाक्टरहरूले अटिजम भएको निर्क्योल गर्नुभयो। बाबु अहिले साढे चार वर्षको भयो। बाबुलाई थेरापी गर्नुपर्ने भएकाले काठमाडौंमा कोठा लिएर बसेकी छु,' उनले भनिन्।

सर्लाही हरिवनकी सुशीला सुनुवार अहिले बालुवाटारस्थित विस फाउन्डेसनमा तालिम लिइरहेकी छिन्। बच्चामा अटिजम देखिएपछि उसलाई आवश्यक वातावरण र थेरापी दिनका लागि आफ्नो परिवार काठमाडौंमै बसेको उनले बताइन्। 'बाबु कात्तिकमा पाँच वर्षको पुग्दै छ। ८-९ महिनाको छँदा उसको विकास राम्रो थियो। बाबा, दिदी, बहिनी, पानी खाने भन्थ्यो। ऊ एक वर्षको छँदा म पनि काममा व्यस्त थिएँ। ऊ मोबाइलमा व्यस्त हुन थाल्यो। बिस्तारै आई कन्ट्याक्ट नगर्ने, बोलाएको वास्ता नगर्नेलगायत लक्षण देखियो। गाउँमै मन्टेस्वरीमा राखेको थिएँ। त्यहाँ अन्य बच्चा रोएको देख्दा उसले सीधै गएर एट्याक गरिदिन्थ्यो।

त्यसपछि हामीले काठमाडौं लिएर आयौं,' उनले भनिन्, 'डाक्टरले आई कन्ट्याक्ट गर्न सिकाउने, सबै एसिसमेन्ट गर्न लगाउनुभयो। तीन वर्ष हुँदा धेरै चकचक गर्ने, हरेक सामान फ्याँक्ने गर्न थाल्यो। यहाँ आइसकेपछि पनि दुइटा स्कुल चेन्ज गर्‍यौं। त्यसपछि डाक्टरकै सल्लाहमा केयर सेन्टरमा ल्यायौं। अहिले यहाँ म आफैं पनि ट्रेनिङ लिइरहेकी छु।'

बच्चा जन्माउने योजना बनाएका र गर्भवतीहरूले अटिजमबारे बुझ्न जरुरी रहेको उनी बताउँछिन्।

सन् २००८ मा स्थापित ललितपुर हरिसिद्धिस्थित अटिजम केयर नेपाल सोसाइटीले सचेतना, पैरवी, तालिम, शिक्षा र अनुसन्धानको काम गरिरहेको छ। पछिल्लो समय यहाँ अटिजमको निदान, थेरापी र तालिमका लागि दैनिक एक सयको हाराहारीमा मानिस आउने गरेको निर्देशक सुरेन्द्र बज्राचार्यले जानकारी दिए। अटिजम भएका बालबालिकाका अभिभावक तालिमका लागि आउने क्रम बढेको उनले बताए। 'हाम्रोमा गत वर्ष मात्रै ५५ जिल्लाका ६२८ जनालाई ट्रेनिङ दियौं। यसमध्ये कतिपय बालबालिकामा आमाबुबा नै तालिममा सहभागी हुनुहुन्थ्यो। समाजमा अहिले अटिजमबारे सचेतना बढ्दै छ,' उनले भने।

ओम फाउन्डेसनकी फिजियोथेरापिस्ट नेहा साह अटिजम भएका बालबालिकाको अवस्था सुधारका लागि अभिभावकको भूमिका महत्त्वपूर्ण रहने बताउँछिन्। उनले भनिन्, 'मोबाइलले अटिजमको अवस्थालाई थप बिगार्न सक्छ। बच्चालाई मोबाइलबाट टाढा राख्ने, समूहमा खेल्न पठाउने, सोसलाइजेसन गराउन र उपयुक्त वातावरण दिन अभिभावकले भूमिका खेल्नुपर्ने हुन्छ।'

> 'अटिजम रोग होइन, अवस्था हो। बालबालिकामा यस्तो अवस्थाबाट सुधार ल्याउन अभिभावकको भूमिका महत्त्वपूर्ण हुन्छ। पहिले अभिभावकले आफ्नो बच्चालाई अटिजम भएको स्विकार्नुपर्छ। सुरुमा गाह्रो हुन्छ, तर स्विकार्नुको विकल्प छैन। त्यसपछि बाबाआमाले यो हाम्रो जिम्मेवारी हो भन्ने सोच्नुपर्छ। परिवार र त्यसपछि समाजले पनि स्विकार्नुपर्छ।'

■ अधिकांश संस्था काठमाडौंमा

सुर्खेत, पोखरा, गुल्मी रुपन्देही, नवलपरासी, विराटनगर, झापा, चितवनलगायत १२ ठाउँमा अटिजम केयर नेपाल सोसाइटीका शाखा रहेको बज्राचार्यले बताए। 'ग्रामीण भेगमा पनि पुग्ने प्रयास जारी छ। भौगोलिक विकटता, स्थानीयमा बुझाइको कमी, सामाजिक परिवेश, स्थानीय सरकारको प्राथमिकता कम हुनुलगायत विविध कारणले अटिजम भएकाहरूलाई गाउँमा सेवा दिन मुस्किल छ। हामीले वेलावेलामा तालिम सञ्चालन गर्ने गरेका छौं,' उनले भने।

नेपालमा झन्डै ७० वटा जति संस्थामा अटिजमका विभिन्न लक्षणको थेरापी हुने गरेको र तीमध्ये ७० प्रतिशत संस्था काठमाडौं उपत्यकामा केन्द्रित रहेको बाल विकास विशेषज्ञ अनिलराज ओझाले बताए। 'अधिकांश निजी सेन्टर छन्। त्यसमा पनि दक्ष जनशक्तिको अभाव छ। थेरापिस्टहरूको संख्या सानो छ। सरकारीमा पाटन, कान्ति र टिचिङमा पनि अटिजमसम्बन्धी काम हुन्छ। तर, सरकारी अस्पतालमा उपचारात्मकभन्दा पनि निदानात्मक काम धेरै हुन्छ।'

■ समयमै निदान आवश्यक

विस फाउन्डेसनकी कोअर्डिनेटर श्रीजा ओली भन्छिन्, 'अटिजम भएका बच्चामा समयमै उपचार नपाउँदा हाइपर भइदिने, अरूलाई पिट्ने, धकेल्ने, कुट्ने जस्ता व्यवहार देखिन्छन्। उनीहरूलाई समयमै एउटा स्कुलमा राखेर थेरापी दिन सक्यो भने यस्तो व्यवहारमा परिवर्तन आउँछ।'

विस फाउन्डेसनमा सातामा तीन दिन बच्चाहरूलाई थेरापी दिने गरिएको उनले बताइन्। 'हाम्रोमा सातामा तीन दिन थेरापी दिइन्छ। स्पिच थेरापी, एभिए (बिहेभियर) थेरापी, भिजन थेरापी, अनुपेसनल थेरापीलगायत दिइन्छ। अटिजम भएका बच्चालाई यो सबै आवश्यक छ। अहिले लर्निङ डिसअर्डरलाई पनि अटिजममै राखिएको छ। किनकि आज सिक्छन्, भोलि सिक्छन्, पर्सि जिरोमै आइदिन्छन्,' उनले भनिन्।

विस फाउन्डेसनका सचिव अनुपजंग शाह बर्थिङ सेन्टरबाट बच्चाहरूलाई बाहिर निकाल्दा आमाहरूलाई पनि मानसिक स्वास्थ्यमा आउने उतार-चढावबारे पर्याप्त परामर्श दिइनुपर्ने बताउँछन्। 'बर्थिङ सेन्टरबाट बच्चाहरू बाहिर लैजाँदा विभिन्न खोप लगाइन्छ। त्यसपछि फेरि वेलावेलामा स्वास्थ्य केन्द्रमा खोप लगाउन लगिन्छ। तर, बच्चाको विकासको अवस्थाबारे त्यहाँ कसैले ख्याल गर्दैन। समयमै थेरापी मात्रै राम्रोसँग गरायो भने पनि धेरै सुधार हुन्छ,' उनले भने, 'अहिले दक्ष जनशक्ति निकै कम छन्। थेरापिस्टहरू पनि पदेर विदेश जान्छन्। आफ्नो देशमा जनशक्ति अभाव हुने गरी सरकारले युवाहरूलाई किन बाहिर पठाउँछ ?'

बाल विकास विशेषज्ञ डा. ओझा अभिभावक, महिला स्वयंसेविका, स्कुलका शिक्षकलगायत ग्रासरुट तहमा खट्नेहरूलाई बाल विकास र अटिजमबारे तालिम दिन जरुरी रहेको बताउँछन्। उनले थपे, 'स्थानीय सरकारको भूमिका यसमा महत्त्वपूर्ण छ। गाउँमा अहिले बाल विकास केन्द्रहरू खुलिरहेका छन्। तर, अटिजमलाई नै फोकस गरेर बेग्लै कार्यक्रम सञ्चालन गर्न पनि जरुरी छ।'

विश्व स्वास्थ्य संगठनको १५ नोभेम्बर २०२३ मा सार्वजनिक रिपोर्टअनुसार झन्डै सयमध्ये एकजना बालबालिकामा अटिजम भएको हुन सक्छ। तर, नेपालमा अटिजमबारे पर्याप्त अनुसन्धान नै भएको छैन।


■ शिक्षा र रोजगारीमा प्राथमिकता

अटिजम भएकाहरूलाई शिक्षा र रोजगारीमा सहयोग पुऱ्याउनुपर्ने अटिजम केयर सोसाइटीका निर्देशक बज्राचार्यले बताए। 'अहिले हाम्रोमा नर्मल बालबालिकाले मात्रै पढ्न पाएका छन्। अटिजम मात्रै होइन, अन्य विविध अवस्थाका ठुलो संख्याका बालबालिका विद्यालयबाहिर छन्,' उनले भने।

अहिले विभिन्न स्थानीय तहले अटिजम केन्द्र सञ्चालन तथा व्यवस्थापनसम्बन्धी कार्यविधि बनाइरहेका छन्। 'नीति बन्नु राम्रो हो। तर, कार्यान्वयन पक्षमा जोड दिइनुपर्छ। अटिजम भएकाहरूलाई सीपमूलक तालिम दिनुपर्‍यो, ताकि भविष्यमा उनीहरू स्वरोजगार बनून्। हामीले उनीहरूलाई कम्प्युटर सुविधा उपलब्ध गराएका छौं, नमुना ग्रोसरी सप खोलेका छौं, पसलमा काम गर्ने, गार्डेनिङ गर्ने, कृषि, बेकरी प्रडक्टहरू बनाउने, मफलरहरू बुन्ने, नेपाली कागजका विभिन्न प्रडक्ट बनाउनेलगायत तालिम दिइरहेका छौं,' बज्राचार्यले भने।

पूर्वीय दर्शनका पुस्तकले दर्शन र विज्ञान बुझाउँछन्


कांग्रेस नेता **चन्द्र भण्डारी**लाई
मन परेका पुस्तक



मलाई पूर्वीय दर्शनका पुस्तक मन पर्छ । रामायण र महाभारतका प्रसङ्ग अद्भूत छन् । यसमा सारा ब्रह्माण्डको चर्चा छ । दृष्टिकोण, मूल्य-मान्यता, नैतिकता, दायित्व, दूरदर्शिता, विकासको मोडलबारे निकै स्पष्ट गरी लेखिएको छ । वेद, रामायण, महाभारत, चाणक्यको अर्थशास्त्रलगायत पूर्वीय दर्शनका पुस्तक पढ्न सबैलाई सिफारिस गर्छु । यसले हामीलाई दर्शन र विज्ञान बुझाउँछ । दुःख के हो ? सुख के हो ? सफलताले पनि कसरी वैराग्य ल्याउँछ ? लगायत धेरै विषय समेटिएका छन् । यी पुस्तक हरेकले पढ्नैपर्छ ।

■ **देवकोटाका कृतिहरू** : महाकवि लक्ष्मीप्रसाद देवकोटाका सबै कृतिहरू विशेष लाग्छन् । उहाँको दृष्टिकोण र लेखन अद्भूत छ । उहाँले कुने समय 'कुन मन्दिरमा जान्छौं यात्री...' लेख्नुभयो । जीवनको अन्त्यमा 'रहेछ श्रीकृष्ण एक भनेर...' पनि लेख्नुभएको छ । 'मुनामदन' नेपाली साहित्यमा सबैभन्दा धेरै रुचाइएको कृति हो । उहाँका निबन्धहरू पनि निकै उत्कृष्ट छन् । उहाँ एउटा अद्भूत व्यक्तित्व हुनुहुन्छ ।

■ **अ बेटर इन्डिया अ बेटर वर्ल्ड** : एनआर नारायण मुर्थीको यो पुस्तकमा कठिन समस्याको समाधान उल्लेख छ । भारतीय संस्कृति, भारतीय समाज, सम्पत्तिको असमान वितरण, धनी र गरिबले पाउने सेवा-सुविधाको खाडललगायत विषय यसमा छ । यो खाडललाई कसरी पुर्न सकिन्छ भन्ने विषयमा चर्चा गरिएको छ । नेपालका हकमा पनि यो पुस्तक निकै सान्दर्भिक हुन्छ भन्ने लाग्छ । पुस्तकले समृद्धिको सपना पूरा गर्ने मौलिक तरिका प्रस्तुत गरिएको छ ।



■ **बिपीको आत्मवृत्तान्त** : बिपीको आत्मवृत्तान्त निकै मन पर्छ । यसमा उहाँको राजनीतिक-सामाजिक जीवन र संघर्ष छ । उहाँ कसैसँग पनि झुक्नुभएन । विदेशी राष्ट्राध्यक्षहरूसमक्ष पनि आफ्नो अडान र दृष्टिकोण सधैं स्पष्ट गरी राख्नुभयो । नेपालको राजनीति बुझ्नका लागि यो पुस्तक निकै उपयोगी छ । साहित्यमा पनि बिपीको विशेष योगदान छ ।

■ **ब्ल्याक होल्स एन्ड बेबी युनिभर्सेस् एन्ड अदर एस्सेज** : भौतिकशास्त्री स्टेफेन हकिङका पुस्तकमध्ये 'ब्ल्याक होल्स एन्ड बेबी युनिभर्सेसू एन्ड अदर एस्सेज' निकै मन परेको पुस्तक हो । यो चर्चित पुस्तक उनका लेख-निबन्ध र भाषणको सँगालो हो । उनले ब्ल्याक होल्सको निर्माणबारे यसमा गहन चर्चा गरेका छन् ।

■ **अ प्रमिस्ड ल्यान्ड** : अमेरिकाका ४४औं राष्ट्रपति बाराक ओबामाका पुस्तकले धेरै युवालाई सपना देख्न प्रेरित गर्छन् । उनी अमेरिकी समाजलाई परिवर्तन गर्न सक्ने मानिस हुन् । अमेरिकामा अश्वेतहरूको एउटा सपना थियो । श्वेत र अश्वेत सँगसँगै अघि बढ्न पाऊन् । उनीहरूले मिलेर देशको भविष्य निर्माण गरून् । ओबामा त्यो सपनाको प्रतीक हुन् ।

■ **विचार विज्ञान** : यो पुस्तकमा विचारशक्तिको वर्णन छ । जीवन-दर्शनको कुरा छ । यसले मानिसलाई निकै ऊर्जाशील बनाउँछ र सत्मार्गमा लाग्न प्रेरित गर्छ । खप्तड स्वामीका यस पुस्तकका चारवटै भाग उत्तिकै महत्त्वपूर्ण भएकाले सबैलाई पढ्न सिफारिस गर्छु ।

■ **महात्मा गान्धीको जीवनी** : अहिंसात्मक विद्रोहमार्फत भारत स्वतन्त्र गराउन निर्णायक भूमिका खेलेकाले महात्मा गान्धीलाई आदर्श व्यक्तिका रूपमा लिइन्छ । 'सादा जीवन उच्च विचार' भन्ने गान्धीको मान्यता प्रसिद्ध छ । तर, कोही पनि मानिस देखेजस्तो आदर्शवादी हुँदैन । आफ्नो आत्मवृत्तान्तमा आफ्ना कमजोरीबारे पनि खुलेरै लेखेका छन् ।

प्रस्तुति : **अन्वेषण अधिकारी**

निर्माता **रवीन्द्रसिंह बानियाँ**को प्रश्न
निर्देशक **प्रदीप भट्टराई**को उत्तर

तपाईंको प्राथमिकता स्क्रिप्ट कि पैसा ?



तपाईंले पाँचवटा फिल्म कमेडी जनराको बनाउनुभयो । अरू जनराका फिल्म बनाउन रुचि नभएर कि नचल्ला जस्तो लागेर ?

अहिले जुन जनरामा काम गरिरहेको छु, यसैलाई दर्शकले रुचाइरहेका छन् । तर, रुचाए भनेर यसैमा रमाइराख्नुहुँदैन भन्ने लाग्छ । यसमा म सचेत छु । अर्को जनरामा काम गर्दा मैले विश्वास दिलाउन सक्नुपर्छ, नत्र फसिन्छ । मेरो पहिलो सिनेमा 'जात्रा' सोसियल ड्रामा भए पनि कमेडी फ्लेबर को हो । फ्लेबर कमेडी भएकाले सबैलाई रमाइलो लाग्यो । दर्शकले रुचाए पनि । त्यसपछि मलाई मान्छेहरूले कमेडी फिल्म बनाउँछ भने । त्यसैमा म आफू पनि हौसिएँ । मलाई पैसा आर्जन भइरह्यो । मलाई अरू जनरामा पनि फिल्म बनाउन मन नभएको होइन । म अरू जनराको सिनेमा बनाउनबाट भागेको पनि होइन । बाघसँग भाग्छु भन्नुको मतलब डराएर होइन, सुरक्षित हुन हो । जुनसुकै विषयमा फिल्म बनाउन सजिलो हुँदैन । कथासँग लड्न सक्नुपर्छ । निर्देशकको रूपमा फरक-फरक जनरामा कथामा भन्न सकियो भने गजब हुन्थ्यो । हामी सबै सिक्ने प्रक्रियामा छौं ।

पछिल्लो समय केही नेपाली सिनेमा अन्तर्राष्ट्रिय फिल्म फेस्टिलभलमा पुगिरहेका छन् । तपाईंलाई चाहिं ती फेस्टिभलमा फिल्म लैजानुपर्छ भन्ने सोच आएन ?

हामी पनि फेस्टिभलकै लागि फिल्म बनाइरहेका छौं । तर, दसैंतिरको फेस्टिभलको लागि मात्रै । मलाई पनि बाहिरको फिल्म फेस्टिभलमा जाने इच्छा नभएको होइन । विश्वमञ्चमा नेपाली सिनेमाले अझै बलियो उपस्थिति जनाउन सकेको छैन । अन्तर्राष्ट्रिय फिल्म फेस्टिभलमा 'गाउँ आएको बाटो', 'साम्बाला', 'पूजा सर'लगायत सिनेमाहरू पुगे । यो आफैंमा नेपाली सिनेमा क्षेत्रका लागि ठुलो उपलब्धि हो । अझै हामीले अन्तर्राष्ट्रिय मञ्चमा बलियो उपस्थिति जनाउन सकियोस् भन्ने लाग्छ । मलाई विश्वमञ्चमा पुग्ने सिनेमा बनाउने 'कन्फिडेन्ट' नभएको होइन, त्यो मेरो लागि असम्भव पनि छैन । तर, कमजोर भएर नजाऔं भन्ने लागिरहन्छ । त्यो पनि समय आउला । हामी सिक्ने प्रक्रियामै छौं । पाँचवटा फिल्म गर्दा धेरै सिकियो । दर्शकको नाडी छामियो । निर्मातालाई कसरी सुरक्षित गर्ने भन्ने पनि सिकियो ।

तपाईं सिनेमा लेख्दा कुन पक्षलाई बढी ध्यान दिनुहुन्छ ?

निर्देशकले सिंगो सिनेमाको पक्ष हेर्नुपर्छ । फिल्म मेकिङ सिर्जनात्मक प्रक्रिया हो । साथसाथै प्राविधिक प्रक्रिया पनि हो । कहिलेकाहीं लेख्दै गर्दा 'हेब्बी' सिन पनि आउँछन् । तर, ग्राउन्ड रियालिटी बुझ्छु । निर्देशकले भनेको हुनैपर्छ भन्ने लाग्दैन । कतिपय सिन निर्मातालाई भारी हुन्छ । यसमा लाग्ने खर्च उठाउन पनि गाह्रो हुन्छ । कतिपय सिन रियालिटीमा गर्न नसक्ने बन्न सक्छ । लेख्दै गर्दा निर्मातालाई भारी पर्ने सिन आयो भने विकल्प खोजिहाल्छु । मलाई यही चाहिन्छ भन्ने हुँदैन ।

कतिपय निर्देशकले आत्मसन्तुष्टिका लागि र कतिपयले दालभातका लागि फिल्म बनाउँछु भनेको सुनिन्छ । तपाईंचाहिं खास केका लागि सिनेमा बनाउनुहुन्छ ?

गरेको कामले परिवार पनि चल्नुपर्छ । पेटका लागि काम गर्दा पनि बाहिर मुख देखाउन सक्ने हुनुपर्छ । भात खान गरेको कामले प्रश्न आउन हुँदैन । हामी सिनेमा मेकिङ सिक्ने क्रममा छौं । न हाम्रो साहित्य धनी छ, न संगीत नै । सिनेमा साहित्य र संगीत जोडिएर आउने हो । साहित्य र संगीत जहाँको त्यहीं भयो भने सिनेमा कतै पुग्दैन ।

सिनेमा समाजका लागि पनि हुनुपर्छ । मैले बनाएको सिनेमा चलेका पनि छन् । तर, ती सिनेमा समाजप्रति कति उत्तरदायी बने भन्ने प्रश्न आउने गर्छ । देशको पछिल्लो परिस्थितिसँग हाम्रो सिनेमाको कतै लेनदेन रहेनछ । नेपालका युवाशक्ति विदेश गइरहेका छन् । सबै सुन्दर भविष्यको कल्पना गरेर गएका होलान् । तर, त्यो नेपालमै सम्भव छैन ? प्लस टु पढेर गएकाहरू के सोचेर गए होलान् ? शासकले विकल्प किन दिन नसकेका होलान् ? यस्ता गम्भीर विषयमा हामी मेकर चुकिरहेका छौं । यस्ता खालको सिनेमा बनाउन पाए हुन्थ्यो ।

तपाईंका पाँचवटा फिल्म व्यावसायिक रूपमा सफल भइसकेका छन् । भित्री मनैदेखि बनाउन मन लागेको फिल्म अब बाँकी छ कि छैन ?

'जात्रा' बनाउँदा धेरै कुरा थाहा थिएन । फिल्म चल्न यस्तो हुनुपर्छ भन्ने ज्ञान थिएन । 'जात्रा'मा गीत थिएन । कुनै तडकभड थिएन । र, पैसा कमाउँछ भन्ने आशा पनि थिएन । बजारको कुनै दबाब थिएन । आशा नभएपछि मनले काम गरिने रहेछ । 'जात्रा' मेरो मनबाट बनेको फिल्म हो । तर, यो फिल्मबाट यति पैसा उठाउनुपर्छ भन्ने भएपछि धेरै कुरा हाबी हुने रहेछ । मैले 'शत्रुगते' बजारको लागि बनाएको फिल्म थियो । धेरै चलेका कलाकार राखेर काम गरैं । जसरी पनि पैसा धेरै कमाउनुपर्छ भन्ने सोच राखेर बनाइएको थियो । पैसा कमाउन सफल पनि भइयो । 'जात्रा'को दोस्रो सिक्वेल बनाएँ ।

साप्ताहिक राशिफल



● **सुरेशचन्द्र रिजाल**
ज्योतिष तथा वास्तुविद् । **मो** : ९८५१०६११२४

३ **कात्तिक** (शनिबार)
९ **कात्तिक** (शुक्रबार)

मेष
(चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

साताको प्रारम्भमा आर्थिक अवस्था राम्रो रहनेछ । कार्यालयमा राम्रो कामको उचित मूल्यांकन हुने समय रहेको छ । केही ठुलो उपलब्धि हासिल गर्न सकिनेछ । सहयोगी या पार्टनरको सहयोगमा महत्त्वपूर्ण कार्य सम्पन्न हुनेछन् । साताको अन्त्यमा रमाइलो यात्राको योजना बन्नेछ । घरजग्गाको विषयमा शुभ समाचार सुन्न पाइनेछ ।

वृष
(इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)

आर्थिक रूपमा राम्रो प्रगति हुने साता छ । मांगलिक कार्य एवं धार्मिक क्षेत्रका भ्रमणमा सहभागी हुने अवसर प्राप्त हुनेछ । आफ्नो पार्टनरसँग चलिरहेको सम्बन्ध टाढिने सम्भावना छ । बिहीबार र शुक्रबार नयाँ ठाउँ घुम्ने र साहसिक कार्यमा सहभागी हुने योजना बन्नेछ । साताको अन्त्यमा सम्पत्तिसम्बन्धी विवाद तपाईंको पक्षमा रहनेछ । नयाँ जिम्मेवारी प्राप्त हुनेछ ।

मिथुन
(का, कि, कु, घ, ङ, छ, के, को, ह)

नयाँ व्यक्तिसँगको साथ एवं सल्लाह सुझाब बुद्धिमानीपूर्वक पालना गर्नुपर्नेछ । आफूले अगाडि सारेका योजना बिगार्न मानिसहरू लागिपर्ने साता रहेको छ । बुधबारदेखि सम्बन्धमा माया विश्वास बढ्नेछ । महत्त्वपूर्ण कार्यक्रममा सहभागिता या लामो यात्राको योजना स्थगित गर्नु नै फाइदा हुनेछ । जग्गाजमिनसम्बन्धी मुद्दा तपाईंको पक्षमा रहनेछ । वैदेशिक यात्रा सफल हुनेछ ।

कर्कट
(हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

साताको प्रारम्भमा लगानी गरेका क्षेत्रबाट सोचेअनुसार सफलता मिल्नेछ । सामाजिक दायरा फराकिलो बन्दै जानेछ । आफ्नो बोली र व्यवहारमा संयमता अपनाउनुपर्नेछ । सरकारी क्षेत्रबाट साथ र सहयोग मिल्न सक्नेछ । साताको अन्त्यमा आम्दानी बढ्नेछ । प्रेम सम्बन्धमा सुमधुर संकेत मिल्नेछ । पारिवारिक धार्मिक भ्रमणको योग रहेको छ ।

सिंह
(मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

व्यापार-व्यवसायबाट सफलता मिल्ने साता छ । सामाजिक कार्यमा अपजसको सामना गर्नुपर्ला । मित्रहरूको सहयोगले महत्त्वपूर्ण कार्यमा सफलता मिल्नेछ । शारीरिक सौन्दर्यमा वृद्धि हुनुका साथै पारिवारिक सद्भाव कायम रहनेछ । वैदेशिक कार्यमा सफलता मिल्नेछ । कलाको क्षेत्रमा लगानी गर्नेहरूका लागि सम्मान मिल्नेछ । आफन्तको सहयोगले अधुरा काम बन्नेछन् ।

कन्या
(टो, प, पि, पु, ष, ण, ठ, पे, पो)

नयाँ कार्यको थालनी हुनुका साथै साहित्य, संगीत र कलाप्रति रुचि बढ्नेछ । वैदेशिक रोजगारीको अवसर मिल्नेछ । मनोरञ्जनपूर्ण यात्राले खुसी बनाउनुका साथै नयाँ सम्बन्ध स्थापित हुनेछ । साथीभाइको सहयोग प्रशस्त पाइने योग छ । साताको अन्त्यमा नकारात्मक पराक्रम बढ्नाले अध्ययन-अध्यापनमा खासै मन नजाला । प्रेमी-प्रेमिकाबिच सम्बन्ध सुमधुर भने रहिरहनेछ ।

तुला
(र, रि, रु, रे, रो, ता, ति, तु, ते)

जग्गासम्बन्धी कामबाट सफलता मिल्नेछ । व्यापार-व्यवसायमा अवरोध आउने देखिए पनि परिश्रम गरे सफलता मिल्नेछ । धार्मिक भ्रमणको योग रहेकाले कार्य सम्पादनमा ढिलासुस्ती हुनेछ । मातापिताको सल्लाहबाट काम गर्दा कार्य सिद्धि हुने योग छ । टाढिएका मित्रसँग भेट हुनाले नयाँ योजना तयार हुनेछन् । शैक्षिक क्षेत्रमा गरिएको लगानी प्रभावकारी रहनेछ ।

वृश्चिक
(तो, ना, नि, नु, ने, नो, या, यि, यु)

साताको प्रारम्भमा व्यापार-व्यवसायबाट लाभ मिल्नेछ । आफन्तजनको सहयोगले विरोधी परास्त हुनेछन् । घरमा मांगलिक कार्य खुल्नेछ । जागिरमा पदोन्नति एवं स्थानान्तरणको योग रहेको छ । अध्ययन-अध्यापन फलदायी रहनुका साथै वैदेशिक यात्रा तय हुनेछ । साताको अन्त्यमा स्वास्थ्यमा बाधा उत्पन्न हुनेछ । साथीभाइको सहयोग मिल्नेछ । न्यायिक विवादले मन खिन्न बनाउला ।

धनु
(ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)

नयाँ दाम्पत्य जीवनमा बाँधिने योग छ । व्यापार-व्यवसायका कारण आर्थिक क्षेत्र बलियो बन्नेछ । घर तथा जग्गाजमिनमा लगानीको योग छ । बिहीबार शारीरिक कमजोरीका कारण चिन्ता बढ्नेछ । अध्ययन-अध्यापन पक्ष राम्रो देखिँदैन । साताको अन्त्यमा न्यायिक तथा सामाजिक कार्यमा सफलता मिल्नेछ । जागिरमा पदोन्नति हुनेछ । राजनीतिमा सोचेअनुरूप सफलता नमिल्ला ।

मकर
(भो, ज, जि, खि, खु, खे, खो, गा, गि)

साताको प्रारम्भमा दीर्घकालीन लगानीको चिन्ताले सताउनेछ । आयआर्जन प्रभावित रहने योग छ । विलासिताका सामान खरीद-बिक्रीमा मन जानेछ । अध्ययन-अध्यापनमा सोचेअनुसार सफलताको योग रहेको छ । स्वास्थ्यमा सुधारको अनुभव हुनेछ । साताको अन्त्यमा आफन्तले धोका दिनेछन् । प्रेमी-प्रेमिकाको सम्बन्धमा प्रगाढ बन्नेछ ।

कुम्भ
(गु, गे, गो, सा, सि, सु, से, सो, द)

प्रतिष्ठित काम गरेर अवसर हात पार्ने साता रहेको छ । आयआर्जन बढ्नुका साथै दिगो फाइदा हुने काम प्रारम्भ गर्न सकिनेछ । मिहिनेत गर्दा राम्रै अवसर पाइनेछ । तर, आम्दानीका साथै कामको दायित्व पनि बढ्न सक्छ । बुधबारदेखि खर्चको मात्रा बढ्नेछ । बिचमा काम रोकिए पनि दोहोऱ्याएर प्रयत्न गर्दा फाइदा हुन सक्छ । सप्ताहान्तमा आस मारेको काम बन्नेछ ।

मीन
(दि, दु, थ, झ, ञ, दे, दो, च, चि)

लामो व्यावसायिक यात्राले रोकिएका कार्य सुचारु हुनेछन् । विशिष्ट व्यक्तित्वसँग मित्रता बढ्नेछ । परिश्रमअनुसार राम्रै फल पाइने साता रहेको छ । खर्च भए पनि दिगो फाइदा हुने काम प्रारम्भ गर्ने अवसर छ । लगनशीलताले प्रसिद्धि पनि बढ्नेछ । मिहिनेतले दाम र इनाम दिलाउने योग रहेकाले साप्ताहिक रूपमा दिनहरू सफल रहनेछन् ।

जसले शिक्षाको जगमा इँटा थपे

चर्चा



● **सुमन कट्टेल**

नेपालमा शिक्षाको धार एउटा त्रिचन्द्र कलेज र अर्को संस्कृत छात्रावास थियो । घरघरमा गुरुहरूले पढाएर धानिँदै आएको संस्कृत शिक्षालाई संस्थागत बनाउने प्रयास भइरहेकै वेला बाल ब्रह्मचारी षडानन्दले मन्दिर स्थापना गरी संस्कृत पाठशाला स्थापना गरेका थिए । उनले सामाजिक सुधारका धेरै काम गरेका थिए । यही पाठशालाको जगमा इँटा थप्नेमध्ये एक गुरु हुन्, भीमप्रसाद गौतम । गौतमको महाप्रयाणको ३८ वर्षपछि उनका चेलाचपेटा, नातागोताले उनको योगदान खोजेर प्रकाशमा ल्याएका छन् 'भीमप्रसाद गौतम व्यक्ति एक दृष्टि अनेक' कृतिका रूपमा । व्यक्तिको अवसान हुन्छ, तर उससँगै उसको कथाव्यथा, सफलता र योगदान अन्त हुनुहुँदैन । विगतकै जगमा वर्तमान उभिने हुँदा विगतमा आफूलाई उकास्नेहरूले कहिल्यै बिर्सिदैनन्, बिर्सनु पनि हुँदैन ।

षडानन्दले स्थापना गरेको पाठशालाले दिङ्लामा मात्र नभई सिंगो मुलुक र भारतीय भूभागको समेत शैक्षिक विकासमा विशिष्टतम भूमिका निर्वाह गरेको थियो । यहाँ विभिन्न जातजातिका विद्यार्थी पढ्ने गर्थे, जहाँ व्याकरण, काव्य, कोष, वेद, साहित्य आदि पढाइ हुने गर्थ्यो । त्यति वेला यो पूर्वी नेपालको शैक्षिक केन्द्र नै थियो । यही केन्द्रमा अध्यापक भएर भीम गुरुले अनेकौं विद्यार्थीलाई पढाए । त्यसपछि उनले धरानस्थित



मुख्य कुरा हामीलाई स्क्रिप्टको अभाव छ। राम्रो स्क्रिप्ट लेख्ने मान्छेको खडेरी नै छ। आइडिया गजब छ, त्यसलाई अलि ट्रिटमेन्ट गर्‍यो भने राम्रो हुन्छ जस्तो लाग्यो भने एउटा स्क्रिप्टलाई १५-२० लाख दिँदा फरक पर्दैन। अहिले स्क्रिप्ट राइटिङमा भविष्य राम्रो देख्छु। नयाँ पुस्ता मिहिनेत गरेर स्क्रिप्ट राइटिङमा लाग्दा हुन्छ।

दर्शकको माग पनि थियो। दोस्रो सिक्वेल इमानदारिता नगुमाई बनाएँ। यो पनि रमाइलो बन्यो।

त्यसपछि चौथो फिल्म 'महापुरुष' बनाएँ। व्यावसायिक रूपमा सफल भयो। म आफूलाई निर्देशकको रूपमा हेर्दा 'ग्रोथ' भएको देख्छु। बक्स अफिसमा एकपछि अर्को फिल्मले राम्रो गरिरहेको छ।

नेपाली फिल्म उँभो लागेन, स्क्रिप्ट लेख्ने मान्छे भएन, कलाकार छैन, निर्माताले पैसा हाल्दैन भनेको धेरै सुनिन्छ। केही प्रतिशत दोषी निर्माता पनि देख्छु। यसमा निर्देशकको दोष कति देख्नुहुन्छ ?

सिनेमा बनाएपछि आर्थिक रूपमा रिटर्न हुनुपर्छ। फेस्टिभलमा गएका सिनेमाहरूले पनि फन्ड जति उठ्छ, त्यहीअनुसारको फिल्म बनाइरहेका छन्। सिनेमामा व्यावसायिकतासँगै कलात्मक कुरा थप्ने हो। कतिपय फेस्टिभल गएका सिनेमेकरले सिनेमामा कलात्मकबाहेक अरू हाल्दैनौं भनेको सुनिन्छ। म इमानदर भएर सिनेमा बनाइरहेको छु। सिनेमाले बजारबाट पैसा उठाउनुपर्छ।

गरेको कामले परिवार पनि चल्नुपर्छ। पेटका लागि काम गर्दा पनि बाहिर मुख देखाउन सक्ने हुनुपर्छ। भात खान गरेको कामले प्रश्न आउन हुँदैन। हामी सिनेमा मेकिङ सिक्ने क्रममा छौं। न हाम्रो साहित्य धनी छ, न संगीत नै। सिनेमा साहित्य र संगीत जोडिएर आउने हो। साहित्य र संगीत जहाँको त्यहीं भयो भने सिनेमा कतै पुग्दैन।

साथै बजारमा बेच्दा कलात्मक हुनुपर्छ भनेर बनाउँछु। विदेशी फेस्टिभलमा गएका फिल्मलाई डकुमेन्ट्रीजस्तो भनेको पनि सुनिन्छ। सिनेमामा कम डाइलग हुनुपर्छ, एउटा पनि गीत हुनुहुँदैन भन्ने समीक्षक पनि छन्। यस्तो हुनुको पछाडि हामी आफैंमा समस्या देख्छु। हामीले अन्तर्राष्ट्रिय बजार पनि बनाउनुपर्छ। दुवैलाई सन्तुलन मिलाएर जानुपर्छ भन्ने लाग्छ। फिल्ममेकरले कथालाई न्यायपूर्ण रूपमा उठायो कि उठाएन भन्ने महत्त्वपूर्ण हो।

तपाईं सिनेमा बनाउँदा कथा, पैसा र टिम कुनलाई प्राथमिकता दिनुहुन्छ ?

मेरो पहिलो र अन्तिम सर्त नै स्क्रिप्ट हुन्छ। त्योबाहेक अरू सर्त हुँदैन। राम्रो स्क्रिप्ट हात पर्‍यो भने कहिले गर्ने ? कति पैसामा गर्ने पछिको कुरा रह्यो। चित्त बुझ्ने स्क्रिप्ट आयो भने दुई महिनामै पनि सुटिङमा जान सक्छु। म एउटा मान्छेले कोठामा बसेर लेखेको स्क्रिप्टले सिनेमा राम्रो बन्दैन भन्नेमा ढुक्क छु। स्क्रिप्ट राम्रो हुन एउटा मजबुत टिम चाहिन्छ। त्यसका लागि पर्याप्त समय दिनैपर्छ। पहिले सिनेमा एकजना निर्देशकले बनाउने हो भन्ने लाथ्यो। काम गर्दै जाँदा टिमले बनाउने रहेछ भन्ने बुझ्ने।

अहिले नेपाली सिनेमामा खड्किरहेको विषय के हो ?

अहिले नेपाली सिनेमामा कन्टेन्टको अभाव छ। त्यो भनेको स्क्रिप्टको खडेरी छ। सिनेमा क्षेत्रमा खड्केको नै स्क्रिप्ट हो। हामीसँग धेरै जनशक्ति छ। राम्रो स्क्रिप्ट हात पर्‍यो भने दुई महिनामा टिम तयार गर्न सकिन्छ। अहिले टिम बनाउन सजिलो छ। सिनेमाका लागि कलाकारले समय मिलाउनै मुस्किल हुन्छ भन्नुपरेको छैन। प्रविधिको अभाव छैन। आर्थिक रूपमा पनि अभाव देखिदनँ। मुख्य कुरा हामीलाई स्क्रिप्टको अभाव छ। राम्रो स्क्रिप्ट लेख्ने मान्छेको खडेरी नै छ। राम्रो स्क्रिप्टलाई ३० लाख दिँदा पनि फरक पर्दैन। आइडिया गजब छ, त्यसलाई अलि ट्रिटमेन्ट गर्‍यो भने राम्रो हुन्छ जस्तो लाग्यो भने पनि १५-२० लाख दिँदा फरक पर्दैन। अहिले स्क्रिप्ट राइटिङमा भविष्य राम्रो देख्छु। नयाँ पुस्ता मिहिनेत गरेर स्क्रिप्ट राइटिङमा लाग्दा हुन्छ।

नेपाली निर्मातालाई तपाईंको सुझाव के छ ?

फिल्म बनाउनुअघि नै निर्माताको नियत क्लियर हुनुपर्छ। समाजका लागि योगदान पनि हुन्छ, पैसा रिटर्नको मतलब छैन भन्ने पनि होलान्। पैसा कमाइयो, अब नाम हुनुपर्छ भन्ने पनि छन्। तर, अन्तिममा पैसा नै हो। सिनेमाले पैसा नउठाउँदा तपाईंले सिंगो क्षेत्रलाई गाली गर्नुपर्छ। सिनेमा नचल्दा नाम होइन, बदनाम हुन्छ। आज रहरले बनाए पनि भोलि खोज्ने रिटर्न नै हो। त्यसैले फिल्म बनाउनुअघि बुझेर आउनुपर्छ। सिनेमा नचल्दा केही रिटर्न हुँदैन। सिनेमामा हात हाल्दा पूर्वजानकारी धेरै राख्नुपर्छ। अन्धाधुन्ध आएर ६ महिनाभित्र काम सक्छु भनेर निर्देशक र कलाकार जम्मा गरी फिल्म बनाउँदा राम्रो बन्दैन।

ओझेलमा विचित्र गुफा



पर्यटन



● टोपलाल अर्याल

गुल्मीको विचित्र गुफा प्राकृतिक रूपमा पनि विचित्रको छ। यो गुफामा सदरमुकाम तम्घासबाट ३० मिनेट र मदन भण्डारी राजमार्ग छोडेपछि पाँच मिनेटमा पुगिन्छ। सानो जंगल, नजिकै छल्दीखोला र पहाडको खोँचमा यो गुफा छ। वरपरको वातावरण निकै मनमोहक देखिन्छ। प्राकृतिक सुन्दरताभित्र अवस्थित भएकैले यसलाई स्थानीयले विचित्र गुफा नामकरण गरेका हुन्। त्यहाँ पुग्ने जोकोहीले यसलाई विचित्रको गुफा भन्छन्।

गुफामा कुनै कृत्रिमता छैन। जंगल र पहाडको खोँचमा करिब दुई सय मिटर लामो गुफाभित्र धार्मिक दृष्टिकोणले हेर्दा दर्जनौं आकृति देखिन्छन्। पुग्ने आन्तरिक तथा बाह्य पर्यटक आश्चर्यमा पर्छन्।

गुफाको मुख्य प्रवेशद्वारबाट भन्डै एक सय ५० मिटर भित्र अत्यन्तै ठुलो सभाहलजस्तो स्थान छ। त्यहाँ दुई सय मानिस सजिलै अट्ने ठाउँ छ। सभाहलमाथिको सिलिङ विभिन्न आकृतिका कलात्मक बुट्टाले भरिएको छ।

धुर्कोट गाउँपालिका-५ मा रहेको विचित्र गुफा पत्ता लागेको तीन दशकभन्दा बढी भइसकेको छ। तर, संरक्षण र उचित विकास समयमै हुन सकेन। संरक्षण नहुँदा गुफाको धेरै संरचनामा क्षति पुगेको छ। शान्ति प्रक्रियापछि गुफा संरक्षणका केही काम भए पनि पर्याप्त भएनन्।

गुफाका धेरै तह छन्। तर, अहिलेसम्म गुफाको खास अनुसन्धान पनि भएको छैन। यो गुफा नेपालकै ठुलो हुन सक्ने स्थानीयवासी दाबी गर्छन्। गुफाका धेरै विशेषता लुकेरै बसेका छन्। अहिलेसम्म दुई तलासम्म पुगेर अवलोकन गरिएको छ। अध्ययन गर्न सके गुफाका अरू तला पनि हुन सक्ने धुर्कोट गाउँपालिका-५ का वडाध्यक्ष केशव भण्डारीले बताए। गुफाभित्र फेला परेका संरचनालाई स्थानीयले सभाहल, रामजानकी आश्रम, शिवालय, स्वर्ग जाने बाटोलगायत नामकरण गरेका छन्।

गुफाको मुख्य प्रवेशद्वारबाट भन्डै एक सय ५० मिटर भित्र पुगेपछि अत्यन्तै ठुलो सभाहलजस्तो स्थानमा पुगिन्छ। त्यहाँ दुई सय मानिस सजिलै अट्ने ठाउँ छ। नजिकै रहेका शिवलिंगसहितको मन्दिर, राम र कृष्णको प्रतीक, विभिन्न नागको आकृति, गोपीकृष्ण, जटायुलगायत आकृतिले पर्यटकलाई आकर्षण गर्ने गुफा संरक्षक तथा स्थानीय लालमणि भण्डारीले बताए। सभाहलमाथिको सिलिङ विभिन्न आकृतिका कलात्मक बुट्टाले भरिएको छ। बुट्टाहरूको बिचमा रातोमाटोले पोतेर सफा गरेको मण्डपसमेत छ। गुफामा फेला परेका आकृतिलाई नरसिंहावतार, कच्छ्यावतार, गोपीकृष्ण, जटायु, शिवलिंगलगायत नामकरण गरिएको र सोहीअनुसार प्रचार गरिएको भण्डारीले बताए।

०६२/०६३ सम्म फड्के तरेर जोखिमपूर्ण यात्रापछि गुफामा पुग्नुपर्थ्यो। पर्यटन तथा संस्कृति मन्त्रालय र रुरु रेसुंगा क्षेत्र संरक्षण तथा पर्यटन विकास समितिलगायतबाट गुफा संरक्षणका केही काम भएका थिए। तीनै तहका सरकारबाट विचित्र गुफाको पूर्वाधार विकास, संरक्षण एवं प्रवर्द्धनका लागि काम भइरहेका छन्। धुर्कोट गाउँपालिकाले गुफासहितका धार्मिक तथा पर्यटकीय क्षेत्रको एकीकृत विकास योजना बनाएको छ। जसका लागि गुरुयोजनामार्फत विचित्र गुफा, ऐतिहासिक धुर्कोटको कोट, सहिदपार्क, धुर्कोटवाललगायत पुराना धार्मिक तथा ऐतिहासिक स्थलको विकास गर्न पूर्वाधार निर्माणका काम भइरहेको धुर्कोट गाउँपालिका प्रमुख भूपाल पोखरेलले जानकारी दिए।

पछिल्ला वर्षमा गुफामा विदेशी नागरिकको समेत आकर्षण बढ्न थालेको छ। गत वर्ष जर्मन र फ्रान्सेली पर्यटक दुई टोलीले गुफाको भ्रमण गरेको गाउँपालिकाले जनाएको छ। प्रकृतिका अनुपम स्थानमा बढी रमाउने विदेशी पर्यटकका लागि विचित्र गुफा लोभलाग्दो छ। फ्रान्सेली नागरिक ८२ वर्षीया मार्गोले नेपाली मान्छे र नेपालको प्रकृति निकै आनन्ददायक रहेको प्रतिक्रिया दिइन्। 'उमेरका कारणले पूरै गुफाभित्र पुग्न सकिनँ। जहाँसम्म पुगेँ र जे देखेँ, निकै सुन्दर तथा मनमोहक लाग्यो,' उनले भनिन्, 'साधनाका लागि पनि गुफाको बाहिरी वातावरण उपयुक्त रहेछ।'

धुर्कोटको विचित्र गुफानजिकै मदानेको अरविन्द आश्रम छ। आश्रममा योग र साधनका लागि बर्सेनि सयौं विदेशी पर्यटक आउने गर्छन्। उनीहरूलाई आश्रमसँगै नजिकका पर्यटकीय स्थलमा जोड्ने प्रयास भइरहेको अरविन्द आश्रमका स्वामी रामचन्द्र दासले बताए। दोभाषेको कामसमेत गरेका दासले गुफाको प्राकृतिक विचित्रताले फ्रान्सेली नागरिक निकै खुसी भएको प्रतिक्रिया दिए।

गुफाको विकास गाउँपालिकाकै समृद्धिको आधार बन्न सक्छ। तर, अझै धेरै काम गर्न बाँकी छ। पछिल्लो समय गुफाको प्रचारप्रसार र विकासका लागि सूचना केन्द्र स्थापना गरिएको छ। प्राकृतिक रूपमै विचित्र रहेको गुफा प्रचारप्रसारको अभावमा ओझेलमा परेको छ। त्यसलाई थप व्यवस्थित गरेर प्रचारप्रसार गर्ने उद्देश्यले लुम्बिनी प्रदेश सरकारको ५० लाखको लागतमा सूचना केन्द्र निर्माण गरिएको छ। सूचना केन्द्रमा विचित्र गुफाका विषयसँगै धुर्कोटका पर्यटकीय क्षेत्रको जानकारीसहितको वृत्तचित्र प्रदर्शन गरिनेछ। अहिले भवनसहित पर्यटकलाई व्यवस्थित गर्न आश्रयस्थल निर्माणको काम भएको विचित्र गुफा व्यवस्थापन समितिका पूर्वअध्यक्ष युवराज भण्डारीले बताए।

विचित्र गुफालाई थप आकर्षित गर्न झोलुंगे पुल निर्माण गरिएको छ। धुर्कोट गाउँपालिका-५ वस्तु र इस्मा गाउँपालिका-६ अमरपुर जोड्न तीन सय ७० मिटर लामो पुल निर्माण गरिएको छ। पुलले दुई पालिका जोड्नुका साथै विचित्र गुफालाई नजिक बनाएको छ। लामो पुल निर्माण भएपछि पुल घुम्ने र फोटो खिच्नेको संख्या बढ्दै गएको छ। नेपाल सरकार सहरी विकास मन्त्रालयको एक करोड ८९ लाखको लागतमा पुल निर्माण भएको हो। निलगिरि निर्माण सेवा प्रालिले निर्माण गरेको पुलमा करिब आठ सयजना एकपटकमा आउजाउ गर्न सक्छन्। पुलले पर्यटक मात्रै नभएर विद्यार्थी, किसान र सर्वसाधारणलाई समेत आवतजावतमा फाइदा गरेको स्थानीय व्यावसायी हुमकान्त भण्डारीले बताए।

तत्कालीन चन्द्र साङ्ग वेद विद्यालय (हालको चन्द्र संस्कृत माध्यमिक विद्यालय) मा अध्यापन गरे। यी दुवै विद्यालयमा उनले पढाएका सयौं विद्यार्थी अहिले विभिन्न क्षेत्रमा कार्यरत छन्। तिनकै जोडबलमा यो स्मारिका प्रकाशन भएको देखिन्छ।

भीम गुरुलाई आचार्य तेम्रो वर्ष उत्तीर्ण नगरेकै आधारमा प्रधानाध्यापक बन्न नदिने राजनीतिक चक्रव्यूह बनेपछि वनारस गए। त्यहाँ वेदमा आचार्य मात्र गरेननु, सर्वोत्कृष्ट भएर कुलपति पदकसमेत पाए। उनको यो कीर्ति गाउँमा अनेक किंवदन्ती बनेर अझै बाँचिरहेको छ। त्यसलाई पुस्तकमा समेट्न सके भावी पुस्ताले मानिस कसरी किंवदन्ती बन्छ भनेर थाहा पाउने थिए।



गुरुको व्यक्तिवृत्तलाई जीवनी खण्डमा समेटिएको छ, जुन खण्डमा पाँच आलेख समेटिएका छन्। यसमा अत्रि गोत्रीय गौतम वंशवृक्षको सानोतिनो परिचय नै उत्थापन गरिएको छ। गोतामकोटबाट फैलिएका अत्रि गोत्रीय गौतमहरू नेपालभरि छरिएर रहेका छन्। प्रत्येक भूगोलमा हुर्कंदै गएका गौतम कुलको अनेक कथाउपकथा प्रचलित पाइन्छन्। सेनवंशीय राजाले गौतमका पुस्तालाई दिएको बिर्तामध्ये भोजपुरको दिङ्लामा एउटा हाँगो बसेको र त्यही हाँगाको एउटा पुस्ता भीमप्रसाद गौतम भएको वंशावलीले देखाउँछ। भीम गौतमका प्रपितामह शिवनिधि दिङ्लाका पर्याय बनेका बाल ब्रह्मचारी षडानन्दका समकालीन देखिन्छन् भने नाताले भिनाजु पर्दछन्। भीम गुरुले षडानन्द पाठशालामा २०१३ देखि २०२८ सम्म अध्यापन गरेको देखिन्छ। षडानन्द पाठशालालाई महाविद्यालय बनाउने प्रयासमा पनि भीम गुरुको संलग्नता देखिन्छ। यद्यपि यो प्रयास सफल भएन। विद्यालयलाई र अनेक राजनीतिक तानातानका कारण आफूलाई प्रधानाध्यापक बन्न नदिएपछि धरानमा रहेको चन्द्र साङ्ग वेद विद्यालयमा आएको देखिन्छ। त्यहीं सेवारत रहँदारहँदै ६० वर्षको उमेर उनी शिवमा लीन भए।

कुनै पनि व्यक्तिलाई उनको शेषपछिको कृतिले सम्पूर्णतामा चित्रण गर्न सक्दैन। कतिपय तथ्य नै सही फेला पर्दैनन्। भावातिरेकमा कसैले देवत्वकरण गर्छन् भने मन नपर्नेले राक्षसीकरण गर्न पनि बाँकी राख्दैनन्। तर पनि समाजमा केही काम गरेको मान्छेलाई समाजले नै सम्झँदो रहेछ। गुन तिर्ने नेपाली संस्कार अझै जीवित छ भन्ने कुरा भीम गुको सम्झनामा प्रकाशित संस्मरणात्मक कृतिले पुनर्पुष्टि गरेको छ।

कुनै पनि व्यक्तिलाई उनको शेषपछिको कृतिले सम्पूर्णतामा चित्रण गर्न सक्दैन। कतिपय तथ्य नै सही फेला पर्दैनन्। भावातिरेकमा कसैले देवत्वकरण गर्छन् भने मन नपर्नेले राक्षसीकरण गर्न पनि बाँकी राख्दैनन्। तर पनि समाजमा केही काम गरेको मान्छेलाई समाजले नै सम्झँदो रहेछ।

'भीमप्रसाद गौतम व्यक्त एक दृष्ट अनेक' पुस्तकलाई जीवनीखण्ड, संस्मरण खण्ड, कविता खण्ड र परिशिष्ट गरी विभिन्न भागमा बाँडिएको छ। यस्तो संस्मरणात्मक कृतिको संयोजन निकै चुनौतीपूर्ण हुन्छ। खासगरी महत्त्वपूर्ण कुरा छुट्ने, आवश्यक व्यक्तिको लेख संकलन गर्न गाह्रो पर्ने, लेखमा पुनरावृत्तिको समस्या हुनेजस्ता समस्या हुन्छन्। यस्ता कृतिको सम्पादकले प्रशंसाभन्दा ज्यादा गाली नै खाने गरेको पाइन्छ। यसमा त्यस्तो कम भएको छ कि भन्ने देखिन्छ। यद्यपि छुटेका संस्मरण र तथ्यलाई थपिँदै जाने दृढता प्रकाशक र आफन्तले दिएका छन्।

यो स्मृतिग्रन्थ भएकाले यसमा वंशावली र गौतमसँग सम्बन्धित चित्र पनि समावेश गरिएका छन्। आबाल ब्रह्मचारी षडानन्द प्रतिष्ठानद्वारा प्रकाशित ३५४ पृष्ठको यो स्मृतिग्रन्थ दिङ्ला र भोजपुरको सेरोफेरोमा इतिहास, गौतम वंशावली र भोजपुरमा शिक्षाको प्रसार तथा पूर्वी नेपालमा संस्कृत भाषाको इतिहास वर्तमानबारे जानकारी राख्न चाहने जोकोहीका लागि पठनीय देखिन्छ। विद्या शरीरसँगै बिलाएर जान्छ, तर जसले विद्यावंश विस्तार गरेको छ, ऊ धर्तीमा विलीन हुँदा पनि मानिसहरूका मनमा बाँचिरहन्छ। यस्ता इतिहास पुरुषलाई कालकवलित हुन नदिन पुस्तक लेख्नुपर्छ, लेखाइनुपर्छ। एकातिर यसले भाषालाई जोगाउँछ, अर्कातिर व्यक्तिलाई मर्न दिँदैन। यो प्रयास स्तुत्य छ।



यात्राअघिको तयारी

यात्रा



● डा. रोशनकुमार झा
फिजिसियन, एपिएफ हस्पिटल

पछिल्लो समय हिमाल र अग्ला पहाडतिर पदयात्रा गर्नेको संख्या बढ्दो छ। यतिबेला गोसाइँकुण्ड, दुधकुण्ड, कालिञ्चोक, पाथीभरा, खप्तडलगायत ठाउँहरूमा तीर्थयात्रा गर्नेहरू धेरै हुन्छन्। अन्नपूर्ण संरक्षण क्षेत्रका कास्की, लमजुङ, मनाङ, म्याग्दी, मुस्ताङलगायत हिमाली भेगका विभिन्न ठाउँमा पदयात्रा गर्ने पनि कम छैनन्। प्राकृतिक सौन्दर्य, जैविक विविधता, हिमाली जनजीवन, सभ्यता, संस्कृति आदि कारणले देश-विदेशका पर्यटकको रोजाइमा यी स्थान पर्दछन्। तर, यात्राका क्रममा कहिलेकाहीं स्वास्थ्यमा समस्या पनि आउने गर्छ। हिमाली क्षेत्रको यात्रामा आइपर्ने एउटा प्रमुख कारण स्वास्थ्य समस्या हो अल्टिच्युड सिकनेस अर्थात् लेक लाग्ने रोग।

मानिसको शरीरमा अक्सिजनको मात्रा कमी हुँदा लेक लाग्ने गर्छ। समुद्री सतहबाट उचाइ बढ्दै गएपछि वायुमण्डलमा हावाको चाप र अक्सिजनको मात्रा कम हुँदै जान्छ, जसले गर्दा शरीरलाई त्यो वातावरणमा घुलमिल हुन समय लाग्छ। अग्लो ठाउँको वातावरणमा बानी पार्न शरीरले छिटोछिटो सास लिएर अक्सिजनको मात्रा बढाउने कोसिस गर्दछ। तर, अक्सिजनको मात्रा पुगेन भने लेक लाग्छ। यो व्यक्तिअनुसार फरक-फरक हुने गर्छ। हिमाली क्षेत्रमा बस्ने मानिसलाई लेक कम लाग्छ। किनकि हिमाली भेगका बासिन्दा अक्सिजनको कमीसँग अभ्यस्त हुन्छन् जसले गर्दा उनीहरूलाई अल्टिच्युड सिकनेस हुने सम्भावना निकै कम हुन्छ। तर, तराई र पहाडमा बस्ने मानिस अग्लो ठाउँमा जाँदा लेक लाग्छ।

अर्को, कतिपय मानिस सकेसम्म यात्रालाई छिटो सकाउन हतारमा यात्रा गर्छन्। होचो ठाउँबाट एकैचोटि अग्लो ठाउँमा पुग्न मानिस हवाईजहाज वा गाडी चढेर पुग्ने गर्छन्। पदयात्री, तीर्थयात्री, पर्यटक, पथप्रदर्शक, भरिया एकैचोटि अग्लो ठाउँमा पुग्दा मानिसहरूलाई यो रोग हुन सक्छ। त्यसमाथि बस्ने ठाउँ र खानपान राम्रो भएन भने पनि रोगले छिट्टै समात्न सक्छ। दुई हजार मिटरभन्दा कम उचाइमा बसेका मानिस एकै दिनमा अग्लो ठाउँमा पुग्न खोज्छन्, जसका कारण वातावरणमा घुलमिल हुन नसकेर बिरामी हुन्छन्।

हिमाली भेगको पदयात्रामा जाँदा विशेष ख्याल गर्नुपर्छ। एकैपटकमा उचाइमा पुगुहुँदैन, विश्राम लिँदै जानुपर्छ। कतिपयले चाँडै गएर चाँडै फर्किने योजना बनाएका हुन्छन्। कम उचाइमा बस्ने एकैचोटि अग्लो स्थानमा गयो भने त्यस्ता मान्छेमा लेक लाग्छ। यसलाई एक्लिमिटाइजेसन पनि भनिन्छ।

अक्सिजनको मात्रा कम भएर फोक्सो र गिदीमा पानी रसाउँछ। गिदी वा फोक्सोमा पानी रसाएपछि टाउको दुख्नु, थकाइ र रिंगाटा लाग्नु सुरुका लक्षण हुन्। यो रोग लागेपछि हिँड्न गाह्रो हुन्छ, राति निद्रा लाग्दैन, सुतेपछि असहज हुने, सास रोकिएजस्तो हुन्छ, जोडसँग टाउको दुख्छ, वाकवाक लागिरहन्छ र बान्ता आउन सक्छ। यस्तो वेलामासतर्क भएर रोगबाट बच्ने उपाय र औषधोपचार गरेमा केही दिनमै ठिक हुन्छ। तर, हेल्चेक्रयाइँ गरेर उचाइमै बसिरहेमा वा अझ माथि चढ्ने प्रयास गरेमा ज्यानै पनि जान सक्छ।





गिदी सुन्निन थालेपछि बिरामीलाई जोडले टाउको दुख्छ, बान्ता आउँछ। केही समयपछि बिरामी बेहोस भएर ज्यानसमेत जान सक्छ। फोक्सो सुन्निँदाचाहिँ खोकी लाग्ने, स्वाँस्वाँ हुने, मन्द ज्वरो र खकारमा रगत वा फिँज आउने लक्षण देखिन्छन्। नियमित बान्ता हुँदा चक्कर लागेर बेहोस पनि हुने हुन्छ। यदि फोक्सोमा अचानक पानी रसायो भने यस्तो समस्या देखिन्छ। यो रोग देखिनेबित्तिकै तत्काल बिरामीलाई कम उचाइ भएको ठाउँमा झर्नुपर्छ। अक्सिजन लगाउनुपर्ने हुन्छ। साथै, पिसाब लगाउने औषधि पनि खुवाउनुपर्छ।

बिरामी अझै सिकिस्त भएमा र गिदी तथा फोक्सो सुन्निन सुरु भएको अवस्थामा 'डायमोक्स' (एसेटाजोलामाइड)जस्ता औषधि दिइन्छ। तर, चिकित्सकको सल्लाह लिनुपर्छ। अलिअलि लक्षण देखिँदा 'डायमोक्स' खाँदा कम हुन्छ। शरीरमा अक्सिजनको मात्रा ९२ प्रतिशतभन्दा माथि नभए तुरुन्तै अक्सिजन दिनुपर्छ। प्रशस्त पानी पिउनुपर्छ। पर्याप्त आराम गर्नुपर्छ।

■ यात्रामा खानपान

आफ्नो शरीरको रोगसँग लड्ने क्षमता बुझ्नुपर्छ। यात्रा गर्ने स्थानको वातावरण बुझ्नुपर्छ। पथप्रदर्शकको सल्लाहअनुसार यात्रा तय गर्दा राम्रो हुन्छ। कति घण्टा फरकमा यात्रा गर्नेबारे योजना बनाउनुपर्छ। राम्रो योजना बनाएर यात्रामा निस्कियो भने रोग लाग्ने सम्भावना कम हुन्छ। कतिपय मान्छेलाई राति अचानक गाह्रो हुन्छ। त्यस्ता खालका लक्षण देखिनेबित्तिकै गाइडलाई भन्नुपर्छ। स्थानीय मान्छेलाई खबर गर्नुपर्छ। बान्ता भयो र सास फेर्न गाह्रो भयो भने तलतिर झर्नुपर्छ।

औषधि खाए पनि रोग फेरि बल्झिँदैन भन्न सकिन्न। त्यसैले सकेसम्म लेक लाग्ने नदिनु उपयुक्त हुन्छ। यसो हुन नदिन पथप्रदर्शकको सल्लाहअनुसार यात्रा गर्नुपर्छ। हिँड्दा पसिना बग्ने र शरीर सुक्खा हुने हुँदा प्रशस्त पानी पिउनुपर्छ। राति आनन्दले सुत्नु पर्दछ। आफूलाई दम फुल्न थाल्यो, खोकी लाग्यो भने सक्कुभनेर जबर्जस्ती यात्रालाई जारी राख्नुहुँदैन। यस्तो वेलामा मृत्यु पनि हुन सक्छ।

कतिपय यात्रुहरू अगाडि जान नपाइएला भनेर रोगका सुरुका लक्षण लुकाउने गर्छन्। लेक लाग्ने रोग कमजोर र बूढाबूढीलाई मात्र लाग्छ भन्ने ठान्दछन्। तर, युवाहरूलाई पनि लेक लाग्छ।

खानपान नमिल्दा पखाला लाग्ने, बान्ता हुने, पेट दुख्ने समस्या देखिन्छ। खानको मात्रा अपुग हुने कहिलेकाहीं बढी खाने पनि गरिन्छ। त्यसैले लामो यात्रा गर्दा खानपान विशेष ध्यान दिनैपर्छ। कतिपय होटेलमा वासी खानेकुरा पनि हुन सक्छ। त्यस्तो वेला आफूले ध्यान दिनैपर्छ।

यात्रा गर्दा माछामासु नखाएकै राम्रो हुन्छ। माछामासु खाँदा फुड पोइजन हुने सम्भावना बढी हुन्छ। पानी परिरहेको छ भने खानेपानीको मुहानमा पनि ध्यान दिनुपर्छ। धाराको पानी खानुपर्‍यो भने उमालेर सेलाएपछि पिउनुपर्छ। पच्चे खाना मात्रै खानुपर्छ। धेरैजसो मानिस यात्रामा अल्कोहल पिउने र माछामासु खाने गर्छन्। यसले स्वास्थ्यमा असर गर्छ। पानीको मात्रा पर्याप्त हुनुपर्छ। चिया, रक्सी, कफीजस्ता पेय पदार्थले स्वास्थ्यमा असर गर्छ। पिसाब बढी लागेर शरीरमा डिहाइड्रेसन गराउँछ। लामो दूरीको यात्रा गर्दा सबै ठाउँमा होटेल उपलब्ध नहुन पनि सक्छ । इनर्जी दिने चकलेट, कुकिज, काजु, बदामलगायत ड्राई फ्रुट झोलामा बोक्नु राम्रो हुन्छ।

भौगोलिक अवस्था र वातावरणले गर्दा पनि थकान र स्वास्थ्य समस्या देखिन सक्छ। त्यहीकारण यात्रामा हतार गर्नुहुँदैन। एक दिनमा एक हजार मिटरको उचाइ पार नगर्ने भन्ने नियम नै छ। १३ सय मिटरको उचाइमा बसेको मान्छे एकै दिनमा २५ सय मिटरको उचाइमा जानुहुँदैन। दिनको अधिकतम एक हजार मिटर उचाइ पार गर्ने तरिकाले यात्राको योजना बनाउनुपर्छ। जसले गर्दा स्वास्थ्यमा प्रतिकूल असर पर्दैन।

एकै दिनमा लामो यात्रा गर्न सक्छु भनी हिँड्नु भनेको मूर्खता हो। कति फिट उचाइमा गएपछि आफ्नो शरीरलाई आराम चाहिन्छ भन्ने गाइडले बनाएको हुन्छ। गाइडले भनेअनुसार यात्रा गर्नुपर्छ। आफू खुसी यात्रा गर्दा जोखिम हुन्छ। धेरैजसो युवाहरूले सक्कु भनेर एकैपटक उचाइमा पुग्ने गर्छन्। यस्ता व्यक्तिमा समस्या आउन सक्छ।

उच्च रक्तचाप, मधुमेह र मुटु वा फोक्सोसम्बन्धी कुनै रोग छ भने यात्रा सुरु गर्नुअघि चिकित्सकको सल्लाह लिनु राम्रो हुन्छ। मुटु, दम, मधुमेहजस्ता दीर्घरोगीहरूले औषधि नियमित नलिँदा पनि समस्या देखिन्छ। दीर्घरोगीले यात्राभन्दा औषधि बोकेर हिँड्नुपर्छ। समय-तालिकाअनुसार औषधि खानुपर्छ। कतिपयले खाना खाएको छैन भन्दै औषधि नखाएको पनि देखिन्छ। त्यसो गर्दा समस्या आउँछ।

प्रस्तुति : **पवन बराइली**

आगामी अमेरिकी राष्ट्रपतिबाट के चाहन्छ चीन ?

चीनले आक्रमण गऱ्यो भने ट्रम्प ताइबानको सहायताका लागि उभिएलान् ?

राजनीति



● ची मेङ तान

ताइबानको राष्ट्रिय दिवसका दिन अक्टोबर १० को भाषणका क्रममा ताइबानका राष्ट्रपति लाई चिङ तेले 'चीनलाई ताइबानको प्रतिनिधित्व गर्ने कुनै अधिकार नभएको' र ताइबानको सार्वभौमसत्ताको रक्षार्थ ताइपेई 'कब्जा र अतिक्रमण'विरुद्ध प्रतिबद्ध रहेको कुरामा जोड दिए।


चीनले तत्कालै प्रतिक्रिया जनायो। चिङ तेले उत्तेजक भाषण दिएको एक हप्ता पनि नबित्दै चिनियाँ सैन्य अभ्यासको बहानामा कीर्तिमानी संख्यामा १५३ चिनियाँ लडाकु विमानले ताइबानलाई घेरा हाले। बेइजिङको उद्देश्य स्पष्ट थियो- जुन कुरालाई चीन 'पृथकतावादी कार्य' ठान्छ, त्यसविरुद्ध ताइपेईलाई 'कडा चेतावनी' दिने।

बेइजिङ यो प्रायद्वीपलाई मुख्य भूमि चीनमा हरहालमा फर्काउनुपर्ने 'अभिन्न र अविभाज्य भूभाग'का रूपमा हेर्छ। ताइबानी राष्ट्रपतिको दृष्टिकोण भने फरक छ। अहिले, यस स्वशासित प्रायद्वीपमा एउटा छुट्टै राजनीतिक प्रणाली छ, थोरै ताइबानी मात्र चीनसँग एकीकरणको पक्षमा छन्।

वासिंटनको ताइपेईसँग औपचारिक कूटनीतिक सम्बन्ध नभए पनि 'ब्याक च्यानल'मार्फत नियमित संवाद गर्छ र उनीहरूबिच सघन आर्थिक सम्बन्ध छ। ताइबान अमेरिकाको एउटा महत्त्वपूर्ण व्यापारिक साझेदार र 'सेमीकन्डक्टर'को प्रमुख आपूर्तिकर्ता हो, जुन कम्प्युटर र अन्य उन्नत-प्रविधिका उत्पादनका लागि एकदमै महत्त्वपूर्ण छ। अमेरिका ताइबानलाई हतियार पनि बेच्ने गर्छ, तर बाइडेनको कार्यकालमा यो उल्लेखनीय रूपमा घटेको छ।

ताइबानलाई बलपूर्वक आफूमा मिलाउने सम्भावनालाई चीनले नकारेको छैन। यदि उसले त्यसो गऱ्यो भने वासिंटन विगतमा संकेत गरेझैं ताइबानको प्रतिरक्षामा खडा हुन सक्छ।

तर, सी सन् २०२४ को अमेरिकी राष्ट्रपतीय निर्वाचनले ताइबानप्रति फरक दृष्टिकोण राख्ने र चीनलाई आर्थिक संकटको समाधानमा मद्दतगार हुने व्यक्ति नेतृत्वमा आउन पनि सक्ने आशामा छन्। त्यसो भए खरा डोनाल्ड ट्रम्प र उनकैजस्तो स्वभावकी कमला ह्यारिसबिच बेइजिङलाई को मनपर्ने व्यक्ति हुन् त ? के यीमध्ये कुनैले सीसामु नयाँ प्रस्ताव ल्याउलान् ?



टेस्लाका संस्थापक एलन मस्क, जो ट्रम्पका कट्टर समर्थक पनि हुन्, उनले ट्रम्प प्रशासनमा उच्च पद पाउन सक्छन्। यी खर्बपतिको ट्रम्पमा कत्तिको प्रभाव छ भन्ने निश्चित छैन। तर, के कुरा ध्यानमा राख्नु उल्लेखनीय हुन्छ भने मस्कको चीनमा ठुलो व्यापार छ।

■ ताइबान र सीको वैधता

जनवादी गणतन्त्र चीनका संस्थापक माओत्सेतुङबाहेक सी एक मात्र यस्ता पदासीन चिनियाँ राष्ट्र प्रमुख हुन्, जसको कार्यकालको कुनै सीमा छैन। जसको राजनीतिक विचारधारा चिनियाँ संविधानमा अभिलिखित भएको छ।

चीनको आर्थिक संकट समाधान गरेर सीले इतिहास बनाउन सक्छन्। तर, युक्रेन युद्धमा रुसको समर्थनका कारण बेइजिङ पश्चिमबाट बढ्दो रूपले एक्लिँदै गएको परिप्रेक्षमा यो कार्य थप कठिन बनेको छ।

ताइबानसम्बन्धी बेइजिङको जुनसुकै एजेन्डालाई मन परोस् वा नपरोस् सीले बढावा दिनुपर्ने हुन सक्छ। उनले एकीकरणको दिशामा उल्लेख्य प्रगति हासिल गर्न सके भने उनको चिनियाँ कम्युनिस्ट पार्टीका महान् व्यक्तिमध्ये एकको रूपमा जयजयकार हुन सक्छ, जसले मुलुकको आर्थिक संकटबाट ध्यान मोड्दै पार्टीभित्र उनलाई थप बलियो बनाउनेछ।

गठबन्धन र साझेदारीलाई गम्भीरतापूर्वक लिने ह्यारिसको विपरीत ट्रम्प अमेरिकानिर्मित गठबन्धनबाट अमेरिकालाई के फाइदा छ भनेर प्रश्न उठाउँछन्। उनले ताइबानबारे जतिपटक बोले, सबैभा उनी ताइबानले कसरी अमेरिकाको सेमी-कन्डक्टर व्यवसाय छिन्यो र आफ्नो रक्षाका लागि उसले अमेरिकालाई थप भुक्तानी गर्नुपर्छ भन्ने कुरामा नै केन्द्रित थिए।

त्यसो भए चीनले ताइबानमा आक्रमण गऱ्यो भने के ट्रम्प ताइबानको सहायतामा आउलान् त ? इलेक्ट्रोनिक्स र एआईमा सेमी-कन्डक्टरको महत्त्वलाई मध्यनजर गर्दै उनी आउन सक्छन्। तर ट्रम्प 'प्रधान डिलमेकर'का रूपमा पनि चिनिन्छन्। उनले बेइजिङसँग 'डिल' गर्न सक्छन्, जसले ताइबानको स्वतन्त्रता समाप्त पार्नेछ। यही कुराले ताइपेईलाई चिन्तित बनाएको देखिन्छ।

■ रुसी द्विविधा

रुसको 'नो लिमिट्स पार्टनर'का रूपमा युक्रेनविरुद्धको रुसी युद्धलाई इन्धन भर्ने गरी चीनले रुसलाई प्रविधि उपलब्ध गराउँदै आएको छ। यसले चीन र पश्चिमको सम्बन्धलाई तनावपूर्ण बनाएको छ भने बेइजिङमाथिको व्यापार प्रतिबन्धलाई बढावा दिएको छ, जसले चीनको आर्थिक पुनरुत्थानमा बाधा पुऱ्याइरहेको छ।

चीनले पश्चिमाहरूको निगरानीबाट बच्न रुसलाई दिँदै आएको सहयोग रोक्न त सक्छ, तर त्यसो हुने सम्भावना भने छैन। बेइजिङलाई अमेरिकी नेतृत्वको विश्व व्यवस्थाविरुद्धको लडाइँमा एउटा गतिलो सहयोगी चाहिन्छ र बलियो रुस मात्रै त्यस्तो मित्र हुन सक्छ। युक्रेन युद्धमा यदि रुस असफल भयो भने पश्चिमाको ध्यान आफूतर्फ केन्द्रित हुने भएकाले पनि रुसलाई बलवान बनाइराख्नुपर्ने आवश्यकता उसलाई छ।

ह्यारिस किभको समर्थन गर्छिन् र यो युद्धलाई एउटा रणनीतिक तथा नैतिक मुद्दाका रूपमा हेर्छिन्, जबकि ट्रम्पले युक्रेनलाई अमेरिकी सहयोगको आलोचना गरेका छन्। उनी पुटिनले सन् २०२२ को फेब्रुअरीमा सुरु गरेको युद्ध अन्त्यका लागि किभले रुसलाई सहुलियत दिनुपर्ने धारणा राख्छन्।

भावी ट्रम्प प्रशासनले युक्रेनलाई दिइरहेको सहयोगबाट हात झिक्नुका साथै रुसमाथिको प्रतिबन्ध हटाएर रुसलाई बलियो बनाउन सक्छ। थप बलियो रुस बेइजिङका लागि सुखद खबर हुनेछ।

■ अमेरिकाको व्यापार युद्ध

त्यसैले भट्ट हेर्दा ट्रम्प र ह्यारिसको चीनप्रतिको दृष्टिकोण फरक देखिन्छ। ह्वाइट हाउसमा ट्रम्पको पुनरागमनले सन् २०१८ मा सुरु भएको व्यापार युद्धलाई चर्काउन सक्छ। चिनियाँ वस्तुमाथिको महसुल ६० प्रतिशतसम्म पुग्न सक्छ, जसले अमेरिका र चीनबिचको आर्थिक सम्बन्धविच्छेदलाई थप तीव्रता दिन सक्छ।

अर्कातर्फ ह्यारिस चीनलाई 'डि-रिस्क' गर्न चाहन्छिन्। उनको दृष्टिकोणले यस पूर्वी एसियाली आर्थिक महाशक्तिसँग वार्तामा संलग्न भएर अमेरिकाको विश्वव्यापी हितलाई कायम राख्न खोज्छ। यस्तो अवस्थामा बेइजिङ वार्ताका लागि ठाउँ राखिराख्ने ह्यारिसलाई राष्ट्रपतिमा रुचाउनेछ।

यद्यपि, तुलनात्मक रूपमा ह्यारिससँग विदेश नीतिको अनुभव कम छ। उनले बाइडेनकै विरासतलाई निरन्तरता दिने अपेक्षा गरिएको छ। अर्थात्, बाइडेन प्रशासनअन्तर्गत चीनले सामना गर्नुपरेको महसुल तथा प्रतिबन्धहरू उनको कार्यकालमा पनि कायमै रहन सक्छन्।

अर्को फ्याक्टर टेस्लाका संस्थापक एलन मस्क हुन्, जो ट्रम्पका कट्टर समर्थक हुन्। उनले ट्रम्प प्रशासनमा उच्च पद पाउन सक्छन्। यी खर्बपतिको ट्रम्पमा कत्तिको प्रभाव छ भन्ने निश्चित छैन। तर, के कुरा ध्यानमा राख्नु उल्लेखनीय हुन्छ भने मस्कको चीनमा ठुलो व्यापार छ। बाइडेनका नीतिले टेस्लाको हितलाई हानि पुऱ्याएकाले उनी ट्रम्पतर्फ झुकेका पनि हुन सक्छन्। यीमध्ये धेरै कुरा अहिले अस्पष्ट नै छन्। यस परिप्रेक्षमा बेइजिङ वार्ताका माध्यमबाट दुई देशबिचको सम्बन्धलाई न्यानो बनाउन सकिने र ताइबानको रक्षाको साटो आर्थिक विजयमा चासो बढी राख्ने व्यक्ति अमेरिकाको नेतृत्वमा आइदिओस् भन्ने चाहन्छ।

(मेङ तान नेटिंघम विश्वविद्यालयका 'बिजनेस इकोनोमिक्स'का उप-प्राध्यापक हुन्।)
*- द कन्भर्सेसनबाट **नारायण शिवाकोटी**को अनुवाद*

अर्थ पत्रिका
नयाँ पत्रिका
शनिबार ३ कार्तिक ०८१

पूर्वमा बिजुली प्रवाह गर्ने प्रसारणलाइनको पुनर्निर्माण धमाधम

इलामको माई खोलामा आएको बाढीले चार ठुला टावरमा क्षति पुऱ्याउँदा अनियमित भएको विद्युत् आपूर्ति तिहारअघि नै नियमित बनाउने लक्ष्यसहित प्राधिकरण र निजी क्षेत्रका जलविद्युत् प्रवर्द्धक संयुक्त रूपमा खटिँदै



शुक्रबार दिउँसो प्रसारणलाइन पुनर्निर्माणस्थल पुगेर विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले तिहारअघि काम सक्न निर्देशन दिए। उनले समयमै काम सक्न सबै किसिमको सहयोग गर्ने प्रतिबद्धता पनि जनाए।

नयाँ पत्रिका

इलामको माई खोलामा आएको बाढीले क्षति पुऱ्याएको काबेली करिडोर एक सय ३२ केभी डबल सर्किट प्रसारणलाइनको पुनर्निर्माण थालिएको छ।

विद्युत् प्राधिकरण र करिडोरमा जोडिएका निजी क्षेत्रका २० जलविद्युत् आयोजनाहरूले संयुक्त रूपमा प्रसारणलाइन पुनर्निर्माणको काम सुरु गरेका हुन्। तिहारअघि नै निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको छ।

प्राधिकरणले प्रसारणलाइन मर्मतका लागि आवश्यक पाटपुर्जा उपलब्ध गराउने र निजी क्षेत्रले श्रम लागतलगायतका खर्च व्यहोर्ने गरी काम अघि बढेको छ। गत १२ असोजमा माई खोलामा आएको बाढीले काबेली करिडोर प्रसारणलाइनअन्तर्गत इलामको माई नगरपालिका वडा नम्बर १ र ७ धोद्रेबैंसीमा चारवटा टावरमा क्षति पुऱ्याएको थियो।

ताप्लेजुङ, पाँचथर र इलाममा सञ्चालनमा रहेका २० वटा जलविद्युत् आयोजनाहरूको करिब दुई सय मेगावाट विद्युत् प्रवाह हुने प्रसारणलाइनमा क्षति पुगेपछि १२ असोजबाट ती आयोजनाहरूबाट विद्युत् उत्पादन बन्द छ।

काबेली करिडोर प्रसारणलाइनअन्तर्गत इलामको गोदकबाट झापाको दमकसम्मको खण्डको धोद्रेबैंसीमा ५०, ५१, ५२ र ५३ नम्बरका टावरलाई माई खोलाको बाढीले क्षति पुऱ्याएको थियो। यसमध्ये पनि ५१ र ५२ नम्बर टावर पूर्ण रूपले क्षतिग्रस्त छन्। टावरको जग खन्ने र आवश्यक सम्पूर्ण पाटपुर्जाहरू निर्माणस्थलमा ढुवानी गर्ने काम भइरहेको प्राधिकरणले जनाएको छ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले शुक्रबार पुनर्निर्माणस्थलको अनुगमन गरी तोकिएकै समयमा काम सम्पन्न गर्न आवश्यक सहयोग र सहजीकरण गर्ने प्रतिबद्धता जनाएका छन्।

'काबेली करिडोर प्रसारणलाइन बन्द हुँदा मुलुकको एकीकृत विद्युत् प्रणालीकै विश्वसनीयता प्रभावित भइरहेको छ, निजी क्षेत्रका जलविद्युत् आयोजनाहरूले दैनिक रूपमा ठुलो आम्दानी गुमाइरहेका छन्, उत्पादन बन्द हुँदा भारतर्फको विद्युत् निर्यात प्रभावित भइरहेको छ,' घिसिङले भने।

भैरहवामा अन्तर्राष्ट्रिय उडान हुनै लाग्दा पोखरामा छैन सुरसार

- फ्लाई दुबई, जजिरा र एयर एसियाले गौतम बुद्ध विमानस्थलबाट उडान गर्ने निश्चित, तर त्यति नै सुविधा दिइएको पर्यटकीय नगरी पोखरा विमानस्थलबाट उडान गर्न वायुसेवा कम्पनीहरू अनिच्छुक
- नागरिक उड्डयन प्राधिकरणको ४० प्रतिशत उडान भैरहवा वा पोखरा सार्न आग्रह, तर अन्यत्र रोज्नुको सट्टा उडान कटौती गर्न वायुसेवा कम्पनी तयार
- करिब ६० अर्ब लगानीमा निर्माण सम्पन्न भएका दुवै विमानस्थल तयार भएको दुई वर्षसम्म पनि अन्तर्राष्ट्रिय उडान गर्ने विमानको पर्खाइमा छन्



पोखरा अन्तर्राष्ट्रिय विमानस्थल। तस्बिर : रोहितराज पराजुली/नयाँ पत्रिका

नवीन अर्याल/नयाँ पत्रिका

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट व्यावसायिक अन्तर्राष्ट्रिय उडान अनिश्चित भएको छ। सरकारले विशेष सहुलियत दिँदा पनि कुनै वायुसेवा कम्पनीले पोखराबाट नियमित व्यावसायिक उडान गर्न चासो दिएका छैनन्।

हिउँदे सिजनको अवसर पारेर भैरहवाको गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा जजिरा, फ्लाई दुबई, एयर एसियालगायतका वायुसेवा कम्पनीहरूले अन्तर्राष्ट्रिय उडान गर्न तयार भएका छन्। यसमध्ये जजिरा र फ्लाई दुबईले २४ कात्तिकबाट उडान गर्ने जानकारी दिइसकेका छन्। जजिरालेे सातामा तिन दिन कुवेत-भैरहवा-कुवेत उडान गर्दा न्यूनतम भाडा १४ हजार रुपैयाँ निर्धारण गरेको छ। फ्लाई दुबईले भने काठमाडौं र भैरहवा दुवै विमानस्थल प्रयोग गर्ने र प्रत्येक दिन उडान गर्ने अनुमति नागरिक उड्डयन प्राधिकरण (क्यान)बाट लिएको छ।

तर, पोखरा विमानस्थलमा उडान गर्न एउटै वायुसेवाले पनि प्रस्ताव पेस नगरेको क्यानले जनाएको छ। २ जेठ ०७९ मा गौतम बुद्ध र १७ पुस ०७९ मा पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएका हुन्। दुवै विमानस्थलमा करिब ६० अर्ब रुपैयाँ लगानी भएको छ।

अहिलेसम्म पोखरामा अन्तर्राष्ट्रिय उडान गर्न कुनै वायुसेवाले प्रस्ताव पेस नगरेको क्यानका सूचना अधिकारी ज्ञानेन्द्र भुलले जानकारी दिए। २३ कात्तिकदेखि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल दैनिक १० घण्टा बन्द गरेर समानान्तर ट्याक्सी वे, एप्रोनलगायत विस्तारको काम गर्न लागेको क्यानले विन्टर सिजनदेखि ४० प्रतिशत उडान भैरहवा वा पोखरा सार्न अन्तर्राष्ट्रिय उडान गर्ने वायुसेवा कम्पनीलाई आग्रह गरेको थियो। तर, वायुसेवा कम्पनीहरू पोखरा वा भैरहवा रोज्नुको सट्टा उडान कटौती गर्न तयार देखिएका छन्।

त्रिभुवन विमानस्थलमा दैनिक चार उडान गर्ने वायुसेवाका दुईवटा, दैनिक तीन उडान गर्नेको एक-दुई उडान कटौती भइसकेको छ। क्यानका अनुसार दैनिक एक वा सातामा तीन-चार उडान गर्ने वायुसेवाको उडान भने कटौती भएका छैनन्। सरकारले त्रिभुवन विमानस्थलमा कटौती हुने उडान भैरहवा र पोखराबाट गराउन विशेष सहुलियतसमेत उपलब्ध गराएको छ।

सरकारले गौतम बुद्ध र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा वायुयान आकर्षित गर्नका लागि कार्ययोजना बनाएको छ। कार्ययोजनामा भैरहवा र पोखरा विमानस्थलमा अन्तर्राष्ट्रिय वायुसेवालाई ल्यान्डिङ, पार्किङ र ग्राउन्ड ह्यान्डलिङ शुल्कमा दिइँदै आएको छुटलाई निरन्तरता दिने उल्लेख छ। हवाई इन्धनमा सहुलियत, यात्रु सेवा शुल्क र टिकटमा भ्याट छुट, अध्यागमन पूर्ण क्षमतामा सञ्चालन गर्ने, श्रम डेस्क स्थापना गर्ने, विभिन्न देशको भिसा सेन्टर स्थापना गर्नेलगायत पनि कार्ययोजनामा उल्लेख छ। तर, पोखरा विमानस्थलमा अन्तर्राष्ट्रिय उडानका लागि आवश्यक न्यूनतम सेवा-सुविधा उपलब्ध नरहेको वायुसेवा कम्पनीका प्रतिनिधिको जिकिर छ।

GREEN DRIVE
GLOBAL AUTO LOAN
FIXED INTEREST RATE STARTING FROM 9.49% p.a.
*T & C apply
Global IME Bank
GLOBAL CONNECT
Call Us : +977-1-5970600
globalconnect@gibl.com.np

"इतिहास साँचो लेखिनु पर्छ"
- भाइकाजी बाडे



जन्मः १९९७/१०/०१, स्वर्गारोहणः २०८१/०६/२१

नेपालमा अब्बल दर्जाको छपाइ गर्न सकिन्छ भनि आफूलाई नमूना स्वरूप प्रस्तुत गर्नुहुने "ऐतिहासिक व्यक्तित्व भाइकाजी बाडे अब इतिहासका पानामा" लीन हुनु भएको छ।
छपाइ जगतमा हाते कम्पोजदेखि वर्तमानको अत्याधुनिक प्रबिधिसँग आफ्नो दिमाग लगाई व्यवसायमा मात्र सिमित नराखि समाजप्रतिको दायित्व र कर्तव्य बोध समेत गराउन पछि नपर्ने यस बागबजार छापाखानाका संस्थापक भाइकाजी बाडे भौतिकरूपमा हामी माझ अबउप्रान्त साक्षात्कार नहुनेगरी आशिर्वाद प्रदान गर्दै महाप्रस्थान हुनुभएको आज १३औं पुण्यतिथिको अवसरमा उहाँको बिचार, सिद्धान्त सदैव मनन गरी भाबि दिनका लागि समयानुसार गुणस्तरीय कार्य सम्पादन गर्न परिवारजनमा प्रेरणा एवं शक्ति मिलोस् भनी कामना गर्दछौं।

बागबजार छापाखाना/गणेश इन्टरनेशनल परिवार
इच्छुमती टोल, बागबजार, काठमाडौं-२८

"आयो, टप्प टिप्यो, लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो
इन्द्रै बिन्ति गरुन् झुकेर पदमा, त्यो बिन्ति मान्दैन त्यो"

हार्दिक श्रद्धाञ्जली

जन्म मितिः
२००८/१०/१०



स्वर्गारोहण मितिः
२०८१/०६/२२

यस सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडका अध्यक्ष श्री प्रदीप जंग पाण्डे ज्यूको धर्मपत्नी **उर्मीला पाण्डे**को वि.स. २०८१ आश्विन २२ गते असामयिक स्वर्गारोहण भएको खबरले हामीलाई स्तब्ध बनाएको छ। आज तेह्रौं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चीर शान्ति एवम् वैकुण्ठवासको कामना सहित श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारमा धैर्यधारण गर्ने शक्ति ईश्वरले प्रदान गरुन् भन्ने कामनाका साथ हार्दिक समवेदना व्यक्त गर्दछौं।

Citizen Life Insurance
समृद्धि तपाईको, साथ हाम्रो
सिटिजन लाइफ इन्स्योरेन्स परिवार

का.नि.इ.नं.१२८/०६३/६४, म.से.हु.नि.इ.न. १७/०६९/०७०

■ साफ महिला च्याम्पियनसिप

भुटानविरुद्ध नेपालको खराब प्रदर्शन

अघिल्लो चार खेलमा भुटानको पोस्टमा २३ गोल गरेको नेपाल पाँचौँ भेटमा रोकियो गोलरहित बराबरीमा

रमेश सुवेदी/नयाँ पत्रिका

नेपालले यसअघि चार खेलमा भुटानलाई समग्र २३ गोल गरेको थियो । तर, शुक्रबार घरेलु मैदान दशरथ रंगशालामा नेपालका महिला राष्ट्रिय खेलाडीले भुटानविरुद्ध एक गोल पनि गर्न सकेनन् । भुटानले पूरै ९० मिनेट नेपालको प्रत्येक डरलाग्दो पोस्ट चार्ज रोक्न सफल भयो । यससँगै नेपालले पहिलोपटक साफ च्याम्पियनसिपमा भुटानविरुद्ध गोलरहित बराबरी नतिजा निकाल्यो । घरेलु टोलीले भुटानसँग अहिलेसम्मकै खराब खेल खेल्यो ।

नेपालले अधिकांश समय बल पोसेसन राख्दै पोस्ट चार्ज गरेको थियो । तर, भुटानी गोलरक्षक संगीता मोंगरले नेपाली खेलाडीका हरेक गोल प्रयासलाई विफल पार्दै घरेलु टोलीलाई निराश बनाइन् । दोस्रो हाफमा नेपालले आक्रामक परिवर्तन गरेको थियो । यद्यपि, खेलको अन्तिम इन्जुरी समयसम्म पनि गोल प्रयास भए पनि नेपालको योजना सफल भएन । नेपालले पहिलोपटक भुटानको पोस्टमा गोल गर्न नसक्दा समर्थक निराश हुन पुगे । नेपालले साफ च्याम्पियनसिपको समूह चरणमा गोल गर्न नसकेको यो पहिलो अवसर हो । यसअघि साफका ६ संस्करणमा खेलेको समूह चरणमा नेपालले कम्तीमा एक गोल गरेको थियो ।

नेपालले खेलमा आधा दर्जनभन्दा बढी गोल गर्ने अवसर चुकाएको थियो । प्रशिक्षक राजेन्द्र तामाङले सावित्रा भण्डारीको अनुपस्थितिमा रश्मिकुमारी घिसिङ, सविता रानामगर, प्रीति राई, रेणुका नगरकोटे, अमिशा कार्की, सरू लिम्बू र रेखा पौडेललाई अग्रपंक्तिको जिम्मेवारी दिएका थिए । तर, उनीहरू सबै फाइनल थर्डमा चुक्न पुगे । कमजोर प्रतिद्वन्द्वीका रूपमा भुटानलाई नेपाली खेलाडीले लिएका थिए । यसै कारण सबैजसो खेलाडी भुटानको पोस्टमा गोल गर्न हतारिए । खेलाडीबिच एक-आपसमा गतिलो तालमेल नहुँदा नै नेपाल गोलविहीन भयो । भुटानकी गोलरक्षक संगीताले नेपालको आधा दर्जनभन्दा बढी प्रहार रोक्न सफल भइन् । यसै प्रदर्शनका कारण उनी खेलकै प्ले अफ दी म्याच भइन् ।

नेपाललाई रोकेपछि भुटानका अफिसियल र खेलाडीले खुसियाली मनाएका थिए । नेपालका प्रशिक्षक तामाङ नतिजाबाट खुसी भएनन् । खेलाडीबिच तालमेल नभएको र गोल गर्न हतार गर्दा गोलरहित बराबरीमा नेपाल रोकिएको तामाङको प्रतिक्रिया रह्यो ।

'हामीले सुरुदेखि गोल गर्न हतार गर्‍यौं, मिडफिल्डरले पोसेसनमा ध्यान दिनुपर्ने थियो,' उनले भने, 'मिडफिल्डरले राम्रो नखेलेपछि अट्याकरहरू दबाबमा आउँदा गोल भएन ।'

घाइते भएकी रक्षक हिराकुमारी भुजेल र मिडफिल्डर दीपा शाहीले आगामी खेल गुमाउने भएका छन् । 'चोट ठुलो देखिएको छ, यी दुवै खेलाडीले बाँकी खेल गुमाउने भएका छन्,' प्रशिक्षक तामाङले भने । भुटानकी प्रशिक्षक निकोला डेमाइनले नेपाललाई रोक्ने योजना सफल भएको बताइन् । पहिलो हाफमा भुटानले संघर्ष गरेको र दोस्रो हाफमा सुधार भएको उनको भनाइ छ । 'पहिलो हाफमा हामी निकै दबाबमा थियौं, दोस्रो हाफमा सुधार भयो, यो सकारात्मक नतिजा हो,' भुटानी प्रशिक्षक निकोलाले भनिन्, 'हाम्रो लक्ष्य समूहको शीर्ष स्थानमा रहेर फाइनल पुग्ने हो ।' दिनको पहिलो खेलमा श्रीलंकाले माल्दिभ्सलाई १-० ले हराउँदै शीर्ष स्थानमा रहन सफल भयो ।



भुटानविरुद्ध बल अगाडि बढाउँदै नेपालकी गीता राना (जर्सी नम्बर १२) । तस्बिर : **ज्ञानेन्द्र कार्की**/नयाँ पत्रिका

खेलाडी गोल गर्न हतारिए



राजेन्द्र तामाङ, प्रशिक्षक, नेपाल

खेलको विश्लेषण गर्नुपर्दा नेपालको धेरै गोल हुनुपर्ने थियो । तर, मिडफिल्डमा सोचेको जस्तो प्रदर्शन भएन । खेलाडी आफैं मैदानमा हराएको जस्तो देखिए । बाहिरबाट खेलाडीलाई दिएको निर्देशन सही पालना भएन । खेलाडी सुरुमै गोल गर्न हतारिए । फाइनल थर्डमा खेलाडी चुके । सावित्रा भण्डारी नहुँदा यो समस्या हुन्छ भन्ने थियो । खेलाडीले आफ्नै हिसाबले खेले । बाँकी दुई खेलमा राम्रो गर्न केन्द्रित हुन्छौं । भुटानी गोलरक्षकले वास्तवमै राम्रो प्रदर्शन गरे ।

नेपाललाई रोक्ने योजना सफल भयो



निकोला डेमाइन, भुटान, प्रशिक्षक

पहिलो हाफमा धेरै संघर्ष गर्नुपरेको थियो । हामीले मध्यान्तरपछि सुधार गर्‍यौं । हाम्रा लागि यो सकारात्मक नतिजा हो । यो त्यही टिम हो, जसले दुई वर्षअघि नेपालसँग ४-० ले हार व्यहोरेको थियो । सँगै हामी बंगलादेशसँग ८-० ले पराजित भएका थियौं । अब, हाम्रो लक्ष्य समूहको शीर्ष स्थानमा रहने हो । तर, त्यो चुनौतीपूर्ण छ । गोलरक्षक संगीताको प्रदर्शनबाट खुसी छु । उनीजस्तो खेलाडी हुनु हाम्रा लागि राम्रो पक्ष हो ।

■ यसअघिका चार खेल

■ सन् २०१४ मा आठ गोल

सन् २०१० देखि दक्षिण एसियाली फुटबल महासंघ साफले महिला च्याम्पियनसिप आयोजना गरेको हो । नेपालले भुटानसँग सन् २०१४ मा पहिलोपटक प्रतिस्पर्धा गर्‍यो । नेपालले एकपक्षीय रूपमा ८-० ले बाजी मारेको थियो । पाकिस्तानमा भएको खेलमा सजना रानामगर, अनु लामा र दीपा अधिकारीले समान दुई गोल गरेका थिए । मेनुका गिरी र सावित्रा भण्डारीले समान एक गोल गरे । यही खेलबाट सावित्राले राष्ट्रिय टोलीमा डेब्यु गरेकी थिइन् ।

■ सन् २०१६ मा आठ गोल

सन् २०१६ मा चौथो साफअन्तर्गत समूह 'ए'मा नेपालले भुटानविरुद्ध खेल्यो । पहिलो खेलमै नेपालले भुटानविरुद्ध ८-० को सहज जित निकाल्यो । यसपटक सावित्राले एक्लै ६ गोल गर्न सफल भइन् । उनले भुटानविरुद्ध पहिलो हाफमै चार र दोस्रो हाफमा दुई गोल गरेकी थिइन् । शर्मिला थापा र कृष्णा खत्रीले समान एक गोल गरे । यस संस्करणको सेमिफाइनलमा नेपाल आयोजक भारतसँग ३-१ ले पराजित हुँदै बाहिरिएको थियो ।

■ सन् २०१९ मा तीन गोल

आयोजक अखिल नेपाल फुटबल संघ (एन्फा)ले पाँचौं साफमा मोफसलमा आयोजना गरेको थियो । विराटनगरमा पहिलोपटक आयोजना भएको साफमा नेपालको पहिलो प्रतिस्पर्धी भुटान थियो । हरि खड्काको प्रशिक्षणमा रहेको नेपालले भुटानलाई ३-० ले हरायो । मञ्जलीकुमारी योञ्जन, सावित्रा भण्डारी र कप्तान निरू थापाले समान एक गोल गरेका थिए । फाइनलमा नेपाल भारतसँग ३-१ ले पराजित भयो । यो प्रतियोगितामा नेपालले ११ गोल गर्दा मात्र तीन गोल व्यहोरेको थियो ।

■ सन् २०२२ मा चार गोल

सन् २०२२ को संस्करण दशरथ रंगशालामै भएको थियो । समूह 'बी'मा नेपालले भुटानसँगै श्रीलंकासँग खेल्यो । पहिलो खेलमा भुटानविरुद्ध ४-० को जित निकाल्यो । स्ट्राइकर सावित्रा र अनिता बस्नेतले समान दुई गोल गरे । कुमार थापाको प्रशिक्षणमा रहेको नेपाल अञ्जिला तुम्बापो सुब्बाको कप्तानीमा थियो । भुटानविरुद्ध पहिलो हाफमा एक र दोस्रो हाफमा तीन गोल गर्‍यो ।

अमेरिकाविरुद्ध दीपेन्द्रको अलराउन्ड प्रदर्शन

नयाँ पत्रिका

अलराउन्डर दीपेन्द्रसिंह ऐरीको अलराउन्ड प्रदर्शन मद्दतमा शुक्रबार बिहान नेपालले अमेरिकाविरुद्धको पहिलो अन्तर्राष्ट्रिय टी-२० क्रिकेटमा १७ रनको जित निकालेको छ । अमेरिकाको डालासमा भएको खेलमा दीपेन्द्रले बलिङ र ब्याटिङमा एकनासको प्रदर्शन गरेका थिए । उनले ब्याटिङमा १७ बलमा २८ रन तथा बलिङमा २७ रन खर्चेर अमेरिकाको महत्त्वपूर्ण तीन विकेट लिए । यसै अलराउन्ड प्रदर्शनकै कारण उनी खेलकै म्यान अफ दी म्याच भएका छन् ।

दीपेन्द्रसिंह ऐरीको बलिङमा तीन विकेट तथा ब्याटिङमा २८ रन जोड्दा नेपालले पहिलो टी-२० आई खेलमा हरायो अमेरिकालाई १७ रनले

अमेरिका र नेपालबिच समग्रमा यो दोस्रो टी-२० आई खेल हो । जसमा नेपाल दुवै खेलमा विजयी भएको छ । सन् २०१५ मा आइसिसी टी-२० विश्वकपको छनोट खेलमा नेपाल र अमेरिका समूह 'ए'मा परेका थिए । सो खेलमा नेपालले अमेरिकालाई एक सय २१ रनमा समेटेको थियो । नेपालले १९.४ ओभरमा चार विकेट गुमाएर जित निकालेको थियो । नौ वर्षपछि टोलीबिच एक-आपसमा प्रतिस्पर्धा गरेका हुन् । अहिले नेपाल र अमेरिकाबिच तीन खेलको टी-२० आई सिरिज भइरहेको हो । नेपालले १-० को अग्रता लिएको छ ।



गत जुन-जुलाईमा भएको आइसिसी टी-२० विश्वकपमा अमेरिका सुपर ऐटमा पुगेको थियो । यसै कारण अमेरिकाले अर्को संस्करणको टी-२० विश्वकपमा स्थान बनाइसकेको छ । नेपालले विश्वकपमा सुपर ऐटमा पुगेको टोलीविरुद्ध नै प्रतिस्पर्धा गरेको हो ।

जमेको ओपनिङ

शीर्ष ६ ब्याट्सम्यान चलेपछि पहिलो ब्याटिङ गरेको नेपालले अमेरिकालाई चुनौतीपूर्ण योगफल खडा गर्न सफल भएको हो । अनिल शाह र आसिफ सेखले पहिलो विकेटका लागि ५.३ ओभरमा ४८ रनको साझेदारी गर्दै नेपाललाई उत्कृष्ट सुरुवात दिलाए । नेपालले पहिलो विकेटका रूपमा अनिललाई गुमाएको थियो । अलि खानले उनलाई एलबिडब्लूको आउट गरेका हुन् । अनिलले १८ बलमा दुई चौका र एक छक्का प्रहार गरी २७ रनको योगदान दिए ।

आसिफ र कुशल भुर्तेलले दोस्रो विकेट निमित्त २१ रनको साझेदारी गरे । प्रशिक्षक मोन्टे देसाईले भुर्तेललाई यसपटक दोस्रो डाउनमा पठाएका थिए । आसिफले ९.१ ओभरमा आफ्नो विकेट गुमाए । उनले २७ बलमा चार चौकाको मद्दतमा २७ रन जोडे । उनी हमित सिंहको ओभरमा बोल्ड भए । फर्ममा नरहेका भुर्तेलले १३ बल सामना गरी १० रन मात्र बनाए । पछिल्लो समयमा ब्याटिङ र बलिङमा उत्कृष्ट प्रदर्शन गरिरहेका अर्का अलराउन्डर गुल्सन झाले सात बलमा समान एक चौका र छक्का प्रहार गरी ११ रन जोडे ।

एक रनले अर्धशतक बनाउन चुके रोहित

क्यानडामा औसत ब्याटिङ प्रदर्शन गरेका कप्तान रोहितकुमार पौडेल अमेरिकाविरुद्ध एक रनले अर्धशतक बनाउन सकेनन् । उनले दीपेन्द्रसिंहसँग मिलेर पाँचौं विकेटका लागि ६६ रनको साझेदारी गरी नेपाललाई १५९-५ को बलियो स्थितिमा राखे । रोहित इनिङ्सको १९.६ ओभरमा आउट भएका थिए । अर्धशतक बनाउन रन लिने क्रममा उनी विकेट किपर गोउसबाट आउट भए । रोहितले ३३ बलमा चार चौका र एक छक्का प्रहार गरी आक्रामक रूपमा ४९ रन जोडे ।

रोहित आउट हुँदा नेपाल १६४-९ को स्थितिमा रह्यो । यसअघि रोहित र दीपेन्द्रले १२.३ देखि १८.५ ओभरसम्म आक्रामक रूपमा ब्याटिङ गरेका थिए । दीपेन्द्रले अमेरिकी बलरविरुद्ध आकर्षक स्ट्रोक लगाए । नेपालका करण केसी र आरिफ सेख समान एक बल सामना गरी डक आउट भए । नेपालले अमेरिकाबाट १० अतिरिक्त रन पाएको थियो । अमेरिकाका सुवर्ण नत्राभाल्करले ३५ रन खर्चेर दुई विकेट लिए ।

सयनको अर्धशतक

अमेरिकाले नेपाललाई हराउन प्रतिओभर ८.२५ रन बनाउनुपर्ने थियो । रिजन ढकाल र करण केसीले दुई बलको अन्तरमा अमेरिकाका ओपनरद्वय मोनाक पटेल र सैतेजा मुकमलालाई पेभेलियन पठाए । अमेरिकाले दुवै ओपनर गुमाउँदा स्कोर बोर्डमा २.१ ओभरभित्र ८ रन बनाएको थियो ।

छैटौं क्रममा ब्याट्सम्यान सयन जहाँगिरले आक्रामक ब्याटिङ गरी अमेरिकालाई जितको आशा दिलाए । उनले ३४ बलमा ६ चौका र दुई छक्का प्रहार गरी नटआउट ६० रनको योगदान दिए । उनले जसदीप सिंहसँग छैटौं विकेटका लागि ४४ रन जोडेका थिए । जसदीपले १२ बलमा समान एक चौका र छक्का प्रहार गरी १६ रन बनाए ।

पाकिस्तानी दुई स्पिनरले लिए इंग्ल्यान्डका २० विकेट



दोस्रो टेस्टमा इंग्ल्यान्डलाई १५२ रनले हराएपछि पाकिस्तानका स्पिनरद्वय साजिद खान र नोमान अलि (दायाँ)

एजेन्सी

पाकिस्तानका दुई बलरद्वय नोमान अली र साजिद खानले दुवै इनिङ्समा इंग्ल्यान्डका २० विकेट लिएका छन् । सन् १९७२ पछि टेस्ट इतिहासमा पहिलोपटक स्पिनरहरूले सबै विकेट हात पारेका हुन् । नोमान र साजिदको उत्कृष्ट बलिङ प्रदर्शन मद्दतमा पाकिस्तानले शुक्रबार मुल्तानमा भएको दोस्रो टेस्टमा इंग्ल्यान्डलाई एक सय ५२ रनले हराएको छ । तीन टेस्ट सिरिजमा इंग्ल्यान्ड र पाकिस्तान १-१ को बराबरीमा छ ।

सन् १९७२ पछि पहिलोपटक टेस्ट खेलका दुवै इनिङ्समा स्पिनरले विकेट हात पारे

इंग्ल्यान्डविरुद्धको पहिलो इनिङ्समा साजिदले सात र नोमानले तीन विकेट लिएका थिए । दोस्रो इनिङ्समा नोमानले आठ र साजिदले दुई विकेट हात पारेका थिए । पाकिस्तानले पहिलो इनिङ्समा तीन सय ६६ रन तथा दोस्रो इनिङ्समा दुई सय २१ रनको योगफल बनाएको थियो । इंग्ल्यान्डले पहिलो इनिङ्समा दुई सय ९१ रन जोडेको थियो ।

इंग्ल्यान्डले दोस्रो इनिङ्समा जितका लागि दुई सय ९७ रन पाएको थियो । पाकिस्तानी दुई स्पिनरको घातक बलिङ सामना गर्न नसक्दा इंग्ल्यान्ड ३३.३ ओभरमा एक सय ४४ रनमा समेटियो । दोस्रो इनिङ्समा पाहुना टोलीका लागि वेन स्टोक्सले ३६ बलमा ३७ रनको योगदान दिए ।

रोमाञ्चक पक्ष के रह्यो भने पाकिस्तानका कप्तान सान मसुदले दोस्रो इनिङ्समा स्पिनरमैत्री पिच देखेपछि फास्ट बलरलाई प्रयोग नै गरेनन् । उनले पूरै ३३ ओभरसम्म साजिद र नोमानलाई निरन्तर बलिङ गर्न लगाएका थिए ।

यसअघि पहिलो टेस्टमा पाकिस्तान एक इनिङ्स र ७२ रनले पराजित भएको थियो । टेस्ट इतिहासमा सुरुवाती ब्याटिङ गरी पाँच सय योगफल माथि खडा गरी इनिङ्स र रनले पराजित भएको त्यो नै पहिलोपटक थियो । पाकिस्तानले घरेलु भूमिमा एक हजार तीन सय ३८ दिनपछि टेस्ट खेलमा जित निकालेको हो । पाकिस्तानका लागि पहिलो इनिङ्समा कमरान गुलामले एक सय १८ रन जोडेका थिए । इंग्ल्यान्डका लागि ज्याक लिचले चार विकेट लिए ।

पहिलोपटक सुदूरपश्चिममा राष्ट्रिय बुद्धिचाल आजदेखि

कन्चनपुरमा **मोहन विष्ट**

सुदूरपश्चिममा पहिलोपटक राष्ट्रियस्तरको बुद्धिचाल प्रतियोगिता शनिबारदेखि सुरु हुँदै छ । कञ्चनपुरको बेदकोट नगरपालिका- ८, गैलनदी गाउँमा राष्ट्रियस्तरको बुद्धिचाल हुन लागेको आयोजकले जनाएको छ । नेपाल बुद्धिचाल महासंघ, काठमाडौं स्पोर्टस् एकेडेमी र बेदकोट नगरपालिका वडा नं ८ को संयुक्त आयोजनामा प्रतियोगिता हुन लागेको हो । एकेडेमीका अध्यक्ष तथा संयोजक नारायणदास गमालले एकैपटक प्रथम राष्ट्रिय ब्लिट्ज, दोस्रो राष्ट्रिय च्यापिड र तेस्रो नेकोस राष्ट्रव्यापी फिडे रेटिङ बुद्धिचाल प्रतियोगिता हुन लागेको जानकारी दिएका छन् ।

'तेस्रो नोकोस क्लासिकल खेल ६० मिनेट, प्लस ३० सेकेन्ड प्रतिचालको ९ राउन्ड हुनेछ,' गमालले भने, 'च्यापिड स्विस लिगअनुसार १५ मिनेट प्लस १० सेकेन्ड प्रतिचालको ९ राउन्ड र ब्लिट्ज स्विस लिगकै ३ मिनेट प्लस २ सेकेन्ट प्रतिचालको ९ राउन्डमा हुनेछ ।' ब्लिट्जतर्फका विजेताले २५ हजार रुपैयाँ हात पार्नेछन् । दोस्रो राष्ट्रिय च्यापिडका विजेताले ३० हजार र तेस्रो नेकोसका च्याम्पियनले ६० हजार रुपैयाँ हात पार्नेछन् । समग्रमा ६५ खेलाडीलाई चार लाख ७० हजार रुपैयाँ विजेता धनराशि रहेको छ ।

एक खेलाडी तीन विधामै

एकै खेलाडीले तीनवटै विधाका प्रतियोगितामा सहभागिता हुन पाउनेछन् । महिलातर्फ १० जना राष्ट्रिय खेलाडीले प्रतिस्पर्धा गर्नेछन् । गत संस्करणको राष्ट्रिय च्यापिड च्याम्पियनसिपका शीर्ष तीन खेलाडी र एकजना शीर्ष महिलाले पनि भाग लिने आयोजकले जनाएको छ । महासंघका अध्यक्ष गमालले व्यावसायिक खेलकुदको अवधारणाअनुसार बुद्धिचाललाई विकेन्द्रीकृत बनाउन लागेको बताए । बेदकोट नगरपालिका- ८ का वडाध्यक्ष महेशराज जोशीले गण्डकीपछि पहिलोपटक प्रतियोगिता आयोजना गर्न लागेको बताए ।

'हाम्रो वडा जिल्ला सदरमुकामभन्दा नजिकै छ, तर विकासका हिसाबले अभावै-अभाव छ,' उनले भने, 'बुद्धिचालबाट वडाको विकासका साथै यस क्षेत्रकै खेलकुदप्रति आकर्षण हुने विश्वास छ ।' सुदूरपश्चिमका पूर्वसामाजिक विकामन्त्री लालबहादुर खड्काले बुद्धिचालबाट प्रदेशको खेलकुद विकासमा टेवा पुग्ने बताए ।

INVITATION FOR SEALED BID

Machhapuchchhre Bank Limited (MBL) invites sealed bid proposal from interested firms/companies for **"Procurement and supply of Comprehensive Account Opening Application."**

Interested firms/companies can obtain Bid documents from Bank's General Administration & Procurement Department, Head Office, Lazimpat, and Kathmandu upon deposit non-refundable document fee of NPR 6,000.00 in below detailed account.

Account Number : 0999524670541546
Account Name : Tender Fee

Sealed bids are to be submitted within 15 days from the date of notice publish addressing General Administration & Procurement Department. Proposals received after the deadline will not be accepted.

If the last date of bid submission and opening falls on a government holiday, then the next working day shall be considered the last day.

Bank reserve the right to accept or reject / negotiate / renegotiate any or all proposals fully or partially without assigning any reason whatsoever.

Machhapuchchhre Bank

सबल, उत्कृष्ट एवं विस्तारित
Head Office : Lazimpat, Kathmandu
Phone No. 01-4528556

उद्योग, व्यवसाय गरौं र आत्मानिर्भर बनौं

- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौ र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मानिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



E-mail: narcononnepal@gmail.com, Website : narcononnepal.org.np

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com